
# लेखापरीक्षण प्रतिवेदन

# खत्याड गाउँपालिका, मुगु

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## खत्याड गाउँपालिका, मुगु

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| *स्वतन्त्रता* | *(Independence)* |
| *निष्ठा* | *(Integrity)* |
| *पारदर्शिता* | *(Transparency)* |
| *जवाफदेहिता* | *(Accountability)* |
| *व्यावसायिकता* | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/670

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
खत्याड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मुगु।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.९ करोड ७५ लाख २२ हजारसमेत रु.९ करोड ७५ लाख२२ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.१ अर्ब २० करोड ३७ लाख २३ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ५३ लाख ९७ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिकृया पेश नभई बाँकी बेरुजुमध्ये असुल गर्नुपर्ने रू.३४ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ३७ लाख ३० हजार, नियमित गर्नुपर्ने रु.६३ लाख ६४ हजार र पेश्की बेरुजु रु.१८ लाख २९ हजार रहेको छ। गत वर्षसम्म रु.४२ करोड ९० लाख ६६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.४५ करोड४४ लाख ६३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने खत्याड गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी खत्याड गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७७ | ९४ | २,५३,९६,६२६ | ० | ० | ० | ० | ७७ | ९४ | २,५३,९६,६२५ | ३४,७४,१३० | ६३,६३,६६० | १,३७,२९,८३५ | ० | ० | २,००,९३,४९६ | १८,२९,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मुगु | ४२,९०,६६,००० | 0 | 0 | ४२,९०,६६,००० | 0 | २,५३,९६,६२५ | ४५,४४,६२,६२५ |

# (८०६६३५०२३०० - खत्याड गाउँपालिका, मुगु )

# खत्याद गाउँपालिका , मुगु

## परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-**स्थानिय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्वतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकि, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्येश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्येश्य रहेको छ। यस पालिका अन्तर्गत११ वडा, ५७ सभा सदस्य, २८१ वर्ग किलोमिटर क्षेत्रफल तथा २३,६२० जनसंख्याराष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०६।०१ देखि २०८१।०६।०७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ रु.१ अर्ब २० करोड ३७ लाख २३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५,८१,६५८।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | घर बहाल कर दाखिला । | ५,९४० |
| २ | दोहोरो भुक्तानी भएको(६९७८८५८८) | १,८६,५६० |
| ३ | बढि भुक्तानी,दोहोरो भुक्तानी(६९९१०६०४) | २,००,००० |
| ४ | पारिश्रमिक कर(७०१२३६६६) | १७,९५८ |
| ५ | बढि भुक्तानी(७२१३२१४९२९,७२१३२१४९४५, ७२१३२१३७२५,७२१३२१३७११) | २७,२०० |
| ६ | दोहोरो पदाधिकारी सुविधा(७२११२१७६२) | १,४४,००० |

(झ) गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको विवरण निम्नानुसार रहेको छ।

| प्राप्ती र भुक्तानी विवरण | | | |
|---|---|---|---|
| | यस वर्ष रु | | गत वर्ष रु |
| राजस्व, अनुदान र अन्य प्राप्ति | प्राप्ती | खर्च | खर्च |
| कर | ९,५९,४१,३००.०० | ८,६३,९०,५६२.५७ | ४,२७,५२,०७७.३४ |
| अनुदान | ४५,९८,५०,९५४.०० | ३९,८२,८९,५१५.०० | ४०,५५,९२,१५५.०९ |
| अन्य राजस्व | ४३,००,०००.०० | १८,८०,०१६.८७ | ५०,०००.०० |
| विविध प्राप्ति | १०,००,०००.०० | ४०,५४,४५८.०० | ४,००,०००.०० |
| **कुल जम्मा प्राप्ति** | **५६,१०,९२,२५४.००** | **४९,०६,१४,५५२.४४** | **४४,८७,९४,२३२.४३** |
| **चालु** | **४४,००,०१,४८४.००** | **३७,६८,६४,५३४.००** | **३५,०१,९१,३२९.६०** |
| पारिश्रमिक / सुविधा | **२६,६३,५७,५३६.००** | २४,०९,९७,०८०.०० | २३,२८,६२,६१०.६० |
| मालसामान तथा सेवाको उपयोग | १०,०८,१७,२६४.०० | ७,८१,९९,६१८.०० | ४,७९,९६,५४१.०० |
| सहायता (Subsidy) | ९४,९५,०००.०० | ७७,१६,६४१.०० | ५,४७,६३,७९१.०० |
| अनुदान | ३,८७,५२,०००.०० | ३,४२,९४,६६५.०० | ०.०० |
| सामाजिक सुरक्षा | १,५०,९३,०००.०० | १,४०,१३,७३०.०० | १,२४,०६,६५३.०० |
| अन्य खर्च | ९५,३६,६८४.०० | १६,४२,८००.०० | २१,६१,७३४.०० |
| **पूंजीगत** | **१६,४१,१४,९७४.००** | **१२,२१,६१,३४५.००** | **१४,८२,३३,४३६.२८** |
| भवन तथा संरचना | ४,८७,१९,१९८.०० | ३,८७,९६,५६८.०० | २,५९,१३,२००.०० |
| सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ८८,७८,९९५.०० | ६०,९६,५२०.०० | ८५,७५,२७२.०० |
| अन्य पूँजीगत खर्च | ४,९०,०००.०० | ४,२१,१४०.०० | ५,००,०००.०० |
| सार्वजनिक निर्माण | १०,२५,८४,९५०.०० | ७,०३,६७,७३२.०० | ७,४९,२६,५०५.३५ |
| निर्मित संरचनाको सुधार खर्च | ४३,२७,८३१.०० | ४०,७२,८८२.०० | २२,५४,१७१.०० |
| पूँजीगत सुधार खर्च | २५,००,०००.०० | २४,०६,५०३.०० | ३,६०,६४,२८७.९३ |
| **कुल जम्मा भुक्तानी** | **६०,४१,१६,४५८.००** | **४९,९०,२५,८७९.००** | **४९,८४,२४,७६५.८८** |
| बचत / कमी (ग = क-ख ) | | (८४,११,३२६.५६) | (४,९६,३०,५३३.४५) |
| धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | | ६३,६४८.०० | (२५,३९,८८४.००) |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | (६,५१,०२०.००) |
| **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | | **(८३,४७,६७८.५६)** | **(५,२१,७०,४१७.४५)** |
| **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | **४,६१,३८,०७२.००** | **९,६८,५१,०१२.५३** |
| **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | **३,७७,९०,३९३.४४** | **३,७७,९०,३९३.४४** | **४,४६,८०,५९५.०८** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण**

२.१ **वित्तिय विवरण विश्लेषण:**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही

ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरूप) २७० ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

· स्थानीय तहले खाता अनुसारको बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातमा फरक देखिएको छ ।

· स्थानीय सरकार सञ्चालन ऐन२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

· एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालुवाट गर्नुपर्नेमा पुजीगत शिर्षक र पुजीगत शिर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वियन भएको छैन । अतः खर्च शिर्षकले यथार्थ शिर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

यसर्थ तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ९,७५,२२,३५६।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **बैंक हिसाव मिलान:** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६ (२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले सञ्चालन गरेको खाताको स्रेस्ताअनुसार र बैंक अनुसारको वाँकि विवरण निम्नानुसार रहको छ। पालिकाले उपलब्ध गराएको बैँक अनुसार वाँकि विवरण र सुत्रको २७० मा कोष तथा विविधको मौज्दात भिडान नभएको हुँदा त्यस्तो विवरण भिडान गर्नुपर्दछ।

| बैंक | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| माछापुच्छ्रे बैंक लि. | ०७२००६५८१८०००००८३ | ग १.१, आन्तरिक राजस्व खाता | २,८०,८१६.११ | ० |
| माछापुच्छ्रे बैंक लि. | ०७२००६५८१८०००००३२ | ग २.१, चालू खर्च खाता- विजोर वर्ष | ७६,५७,०४३.०० | ० |
| माछापुच्छ्रे बैंक लि. | ०७२००६५८१८०००००२२ | ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | ६८,१२,९४३.०० | ० |
| माछापुच्छ्रे बैंक लि. | ७९०१५२४६५८१८००७२ | ग २.७, विविध खर्च खाता | ६३,६४८.०० | ० |
| माछापुच्छ्रे बैंक लि. | ०७२००६५८१८०००००११ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | २,२९,७२,८२७.१४ | ० |
| बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता] | | | १,४१,१००.०० | ० |
| **जम्मा** | | | **३,७९,२८,३७७.२५** | **०** |

२.४ **फरक जिम्मवारी:** पालिकाले आफ्नो कारोवारको जिम्मेवारी भिडान गरी हिसाव एकिन गर्नुपर्दछ।पालिकाको गत वर्षको मौज्दात रु.४,४६,५१,६१५।०८ जिम्मेवारी सार्नुपर्नेमा रु.४,६१,३८,०७२।०० सारेको छ। बढी जिम्मेवारी सारेको रु १४,८६,४५६।९२ हिसाब मिलान हुनुपर्दछ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालीकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४( २) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ३५ बमोजिम प्रत्येक कार्यालयले आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र बार्षिक प्रतिबेदन तयार गरी मन्त्रालय, विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने ब्यबस्था रहेकोमा बार्षिक प्रतिबेदन तयार गरेको छैन । नियमको पालना गरी बार्षिक प्रतिबेदन तयार गर्नुपर्दछ ।

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।

• अनुगमन मुल्यांकन शिर्षकमा गरेको खर्चको भ्रमण प्रतिवेदन पेश भएको छैन ।
तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ४ बजेट तथा कार्यक्रम

४.१ **बजेट सिमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

४.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

४.३ **पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा गाउँपालिका उपाध्यक्षले २०८०।०३।१० गते रु.६० करोड ७५ लाख ०२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०८०।०३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

४.४

**क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।०८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २२,५७,१८,१२६।०० | २,५६,८७,३४७।०० | ५।१४ % |
| पूर्वाधार विकास क्षेत्र | १३,६७,६७,४५५।०० | ९,८३,३१,१४२।०० | १९।७१ % |
| सामाजिक क्षेत्र | २५,८७,७१,०८६।०० | २२,५७,१८,१२६।०० | ४५।२४ % |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,२२,९०,६८४।०० | ३१,२६,३१७।०० | ०।६३ % |
| अन्य कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १६,९९,७६,११४।०० | १४,६१,६२,९४७।०० | २९।२८ % |
| जम्मा | ६०,७५,०२,४५८।०० | ४९,९०,२५,८७९।०० | १००।०० % |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को कूल खर्च मध्ये सबैभन्दा बढी सामाजिक क्षेत्र ८७.२२ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासन २५.४४ प्रतिशत खर्च भएको छ। मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

४.५ **खर्च बिश्लेषण:** पालिकाले यस बर्ष आफ्नो आम्दानीमा आन्तरिक आयबाट रु ५,२७,०९,७५७।७३ (गत आ व को बैँक मौज्दात रु ४,६१,३८,०७२।०० सहित )राजस्व बाँडफाँडबाट रु८,५७,५३,३५१।७१ र अनुदानबाट रु. ३९,८४,३०,६१५।०० समेत गरी कुल जम्मा रु ५३,६८,९३,७२४।४४ आम्दानी भएकोमा चालु तर्फ रु. ३७,६८,६४,५३४।०० र पूँजिगत तर्फ रु. १२,२१,६१,३४५।०० गरी रु. ४९,९०,२५,८७९।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १।३१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ७७,७९,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको आयको १।१८ गुणा बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७६।७९ प्रतिशत चालु र २३।२१ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

४.६ **त्रैमासिक खर्च** - आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनूसूचि २ बमोजिम ढाँचामा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र नियम ३६ मा बजेट तथा कार्यक्रम कार्यान्वियन प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | १२,२१,६१,३४५.०० | ३४,०५,१०३।०० | ७८,३७,६१४।०० | २,०८,७७,६९०।०० | ९,००,४०,९३८।०० | ७,२०,६८,७१६।०० |
| प्रतिशत | | २।८ | ६।४१ | १७।०९ | ७३।७० | ५८।९९ |

पालिकाको कुल पूजिगत खर्च रु१२ करोड २१ लाख ६१ हजार रहेकोमा जसको ७३ प्रतिशत अर्थात ९ करोड ४० हजार अन्तिम त्रैमासिकमा खर्च भएको छ जसमा असार महिनामा मात्र रु ७ करोड २० लाख ६८ हजारको खर्च भएको देखिन्छ । यसरी आर्थिक वर्षको अन्तमा ठूलो रकम खर्च गर्दा अनुगमन निरीक्षणमा कमी हुने, वर्षान्तमा हतारमा काम गराउदा कामको गुणस्तरमा असर पर्ने जस्ता समस्या हुने भएकोले स्वीकृत कार्यक्रम अनुसार सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

४.७ **भुक्तानी वाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायीत्व सिर्जना गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ। पालिकाले आ ब २०७९।८० को वाँकी भुक्तानी शिर्षकमा १,२२,०६,०००।०० बजेट व्यवस्था गरेकोमा सो मध्ये रु १,११,२२,८८१।०० खर्च गरेको छ । पालीकाले अघिल्लो वर्षको भुक्तानी गर्नुपर्ने रकमको भुक्तानी वाँकीको विस्तृत विवरण तथा फाँटवारी तयार गरी भुक्तानी विवरण नियमानुसार प्रमाणित गराएर मात्र अघिल्लो वर्षको दायीत्वको भुक्तानी दिने व्यवस्था हुनु पर्दछ ।

सोहि नियमावलीको नियम ३९ को उपनियम (१५) बमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये खर्चको भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा सम्बन्धित कार्यालयले (क) तलब (स्वीकृत दरबन्दीको),(ख) महङ्गी भत्ता र स्थानीय भत्ता, (ग) सरुवा भ्रमण खर्च, (घ) घरभाडा, (ङ) पोशाक, खाद्यान्न, औषधि उपचार, बिरामी र बन्दीको सिधा (च) सेवा निवृत्त सुविधा, (छ) स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकम भुक्तानी दिनसक्ने उल्लेख छ।कार्यालयले गत वर्षको भुक्तानी दिन बाँकि रकम रु १,११,२२,८८१। मध्ये अधिकांस रकम चालु प्रकृतिको भ्रमण भत्ता,ईन्धन खर्च, विविध खाना खाजा खर्च,वडा संचालन खर्च लगायत चालु प्रकृतिको तथा वार्षिक स्वीकृत कार्यक्रम बाहेकका क्रियाकलापको खर्च भुक्तानी गरेको नियमसम्मत मान्न सकिदैन। कार्यालयले रकम खर्च गर्दा बजेट र कार्यक्रमको सिमाभित्र रहि खर्च गर्नुपर्दछ।

४.८ **योजना र कार्यान्वयन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्:

| क्र.सं. | विवरण | योजनासंख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ८ |
| २ | रु एक लाख देखि पाँच लाख सम्मका योजना | ७५ |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ३१ |
| ४ | दश लाख देखि २० लाख सम्मका योजना | १८ |
| ५ | २० लाख बढीका योजना | १६ |
| | जम्मा | १४८ |

## ५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ **प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित पालिकाको कुल ४१ कर्मचारी दरबन्दी रहेकोमा २०८१।०३।३१ सम्म ३४ जना दरबन्दी स्थायी पदपूर्ति भई ७ पद रिक्त रहेको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, शिक्षा अधिकृत, प्रशासन छौटौ र प्राविधिक सहितका पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

५.२ **कर्मचारी कल्याण कोष**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कानून बनाउनु पर्नेमा कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । कोषको सञ्चालन सम्बन्धी कानुनको व्यवस्था गरी कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्दछ ।

५.३ **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.३,०८,७०,४२७।०० र पालिकाका कर्मचारीको रु२,७६,०६,३९२।०० समेत रु.५,८४,७६,८१९।०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

५.४ **करार कर्मचारी व्यवस्था**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, बगैंचे, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार माली र सरसफाइ सम्बन्धी लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक देहायका विभिन्न पदमा स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता बाफत रु १६,५३,३५३।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य अनियमित देखिएको रु

| क्र.स. | विवरण | रकम रु |
|---|---|---|
| १. | विपत संयोजक | ४,५१,४९०।०० |
| २. | सदस्य सचिव | ७,५०,३७३।०० |
| ३. | रेडियोग्राफर | ४,५१,४९०।०० |
| | जम्मा | १६,५३,३५३।०० |

| | |
|---|---|
| अनियमित भएको | १६,५३,३५३ |

## ६ कानून निर्माण एवं कार्यान्वयन

६.१

**कानून र सञ्चालन स्थिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ३० वटा ऐन, २४ वटा कार्यविधि, गरी ५४ कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

६.२ **न्यायिक समिति:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष १० मुद्दा दर्ता भएकोमा ८ वटा फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ७ मध्यकालीन खर्च संरचनाः

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ। (क) प्रस्तावित योजनाको उद्देश्य, (ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई, (ग) प्रस्तावित योजना कार्यन्वयन हुनसक्ने आर्थिक वर्ष र त्यस पछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, (घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, (ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण, (च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्च को रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता, (छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण ।

## ८ सेवा प्रवाहः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष देहाय अनुसारको सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाईसराई, पञ्जीकरण दर्ता तथा सिफारिस पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

| क्र स | विवरण | सिफारिस भएको संख्या |
|---|---|---|
| १ | जन्मदर्ता | ८०७ |
| २ | मृत्युदर्ता | १०६ |
| ३ | बसाईसराई दर्ता | ४५ |
| ४ | विवाह दर्ता | १३१ |
| ५ | सम्बन्धविच्छेद दर्ता | १ |
| ६ | ग्राभेल सडक मर्मत | २ |

## ९ पालिका स्वंयमसेवक शिक्षक

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका विद्यालय शिक्षक , कर्मचारी , तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले राजश्व बाँडफाटबाट कानुन निर्माण नगरी बजेट मार्फत पालिका अनुदान शिक्षक वा पालिका करार स्वंयमसेवक शिक्षकको ब्यबस्था गरी स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षक, शिक्षिकालाइ यस वर्ष रु ६८,८९,८२९।०० पारिश्रमिक भुक्तानी गरेको छ । उल्लेखित ऐनको ब्यबस्था बिपरीत पालिकाले बिद्यालय समायोजन तथा शिक्षक दरबन्दि मिलान नगरी र शिक्षक विद्यार्थी अनुपात समेत बिश्लेषण नगरी पालिका स्वंयमसेवक शिक्षक ब्यबस्था गरी पारीश्रमिक भुक्तानी दिने व्यवस्था उपयुक्त देखिदैन।

| गो .भौ. नं. र मिति | विवरण | भुक्तानी रकम रु. |
|---|---|---|
| ५।२०८०/०६/२४ | १५ बिद्यालयका २२ जना शिक्षक समेतलाई पारीश्रमिक भुक्तानी | १४,९३,५००.०० |
| २४१।२०८०/११/२४ | १५ बिद्यालयका २२ जना शिक्षक समेतलाई पारीश्रमिक भुक्तानी | १७,६१,८९६।०० |
| ३९९।२०८१/०२/१६ | १५ बिद्यालयका २२ जना शिक्षक समेतलाई पारीश्रमिक भुक्तानी | १८,०८,८००।०० |
| ५२८।२०८१/०३/१९ | १५ बिद्यालयका २२ जना शिक्षक समेतलाई पारीश्रमिक भुक्तानी | १८,२५,६३३।०० |

### १० आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

### ११ पूँजिगतबाट चालु प्रकृतिको खर्च

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा पूँजिगत शीर्षकमा विनियोजन वजेटवाट चालु खर्च गर्न नपाउने उल्लेख छ। चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत मानिदैन।यस पालिकाले तपशिल बमोजिमका विविध खर्च, शिक्षक तलव भत्ता, अभिमुखिकरण कार्यक्रम संचालन लगायतका चालु प्रकृतिका खर्च पूँजिगत बजेटमा समावेश गरीएको तथा कार्यक्रमको उद्येश्य विपरित खर्च लेखेको छ। यसरी चालु प्रकृतिको खर्च पूँजिगत शीर्षकबाट गर्नु वित्तिय अनुशासनको उल्लङ्घन हो। यसमा कार्यालयले सुधार गर्नुपर्दछ।केहि उदाहरण:

| **भौ न** | **कार्यक्रम** | **रकम** |
|---|---|---|
| विभिन्न | सवारी भाडा | ४०००००। |
| ७८ | चतुर्देव हिरा सुरेन्द्र पूर्ण क्याम्पस संचालन अनुदान | ५००००० |
| ३३ | पालिका भ्याकु लोडर मर्मत | १५८१५२ |
| ४४ | मोटर साईकल मर्मत | ७२००० |
| ४९ | मोटर साईकल मर्मत | २९००० |
| ५३ | भ्याकु लोडर मर्मत | १३८४०४ |
| ५४ | भ्याकु लोडर मर्मत | १७५००० |
| १४३ | ढुवानी अनुदान | ९००००० |

### १२ जिन्सि व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा

नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले जिन्सि निरीक्षण प्रतिवेदनले औल्याएका कैफियत कार्यान्वयनमा तदारुकता देखाएको देखिदैन।कार्यालयले जिन्सि निरीक्षण प्रतिवेदनले औल्याएका अनुरुप मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गराई सोको कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।
- कार्यालयले वडा कार्यालय र बिषयगत कार्यालयको सामान खरिद गर्दा अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र विपरित हालसम्म Manual दाखिला नै गरेको छ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

## १३ कर समायोजन

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम (६) ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवाको आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले तपशिल बमोजिमका आपूर्तिकर्तालाई भुक्तानी दिएकोमा मु अ कर कट्टा नगरि शतप्रतिशत भुक्तानी दिएकोले मु अ कर बराबरको कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु

| भौ नं मिति | आपूर्तिकर्ता | विवरण | रकम | मु अ कर |
|---|---|---|---|---|
| ५३ २०८०।१२।०७ | एस एल आर टेक्नो एण्ड ट्रेड प्रा लि | मोटरसाईकल खरिद | ३,१०,०००। | ३५,६६३।७२ |
| ५८ २०८०।१२।१३ | श्रेष्ठ ट्रेड हब | मोटरसाईकल खरिद | ३,३९,९०० | ३९,१०३।५४ |
| १३५ २०८१।३।६ | निसान कम्प्युटर ट्रेडर्श | ल्यापटप खरिद | ९९,८००० | १,१४,८१४।१६ |
| १४४ २०८१।३।१० | श्रीषा हार्डवेयर एण्ड अर्डर सप्लार्यस | सिमेन्ट तथा ग्याविन खरिद | ४,१६,१३४।९३ | ४७,८७३।९३ |
| १६० २०८१।०३।१८ | एभरेष्ट ट्रेड ईन्टरप्राईजेज | वर्थिङ् सेन्टर संचालनका लागि सामाग्री खरिद | ८,९७,८७८ | ९६,६३८ |
| १७५ २०८१।०३।२१ | धौलागिरी सोलार ईलेक्ट्रोनिक्स अर्डर सप्लार्यस | जिल्ला निर्वाचन कार्यालयको प्रयोजनको लागि सामाग्री खरिद | ५,९६,५९५ | ६८,६३४।८० |
| २३९ २०८१।०३।२४ | चन्द्र सुर्य आयल स्टोर | मोटरसाईकल खरिद | ३,८२,९०० | ४४,०५०।४४ |
| ४२ २०८१।०३।२४ | चन्द्र सुर्य आयल स्टोर | मोटरसाईकल खरिद | ३,२०,९०० | ३६,९१७।६९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,८६,४२४.४३ |

## १४ धरौटि फिर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) (क) मा विल विजकको भुक्तानीमा कट्टी गरिएको रिटेन्सन मनि बापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको तथा मुल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन पत्र संलग्न नगरी धरौटी रकम रु.१५,७५,५२४। फिर्ता गरेको देखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ नं मिति | आपूर्तिकर्ता | धरौटि रकम |
|---|---|---|
| ४ २०८०।११।२९ | जलप रविचक्र जे भि | १५,७५,५२४। |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,७५,५२४ |

## १५ अनुगमन प्रतिवेदनः

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । उक्त अनुदान प्राप्त गर्ने संस्थाले तोकिएको कार्यविधिमा उल्लेखित शर्त बमोजिम अनुदानको सहि सदुपयोग

भए नभएको र खर्च भए अनुसार नतिजा प्राप्त गरे नगरेको सम्वन्धमा पालिकाबाट अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्नु पर्नेमा गरेको छैन ।पालिकाले यस वर्ष अनुदान वितरणको नमुना छनौट गरी परीक्षण गर्दा बाख्रा फर्म स्थापना साझेदारी कार्यक्रम अन्तर्गत छनौटका आधारमा ६ वटा बाख्रा फर्मलाई दश वटाका दरले ६० वटा बाख्रा वितरण गर्न गो.भौ.न.५८२।२०८१।०३।२२ बाट रु ९,००,०००।०० खर्च लेखेको छ। यस साझेदारी कार्यक्रम अन्तर्गत अनुदानग्राहि फर्महरुको साझेदारी भए वा नभएकोले एकिन हुने आधार तथा प्रमाण संलग्न नहुनुका साथै वितरित अनुदान सदुपयोग भएको एकिन हुने अनुगमन समेत नदेखिएकोले लाभग्रहि फर्महरुको साझेदारी समेत एकिन हुने गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,००,००० |

१६ **प्रमाणपेश गर्नुपर्नेः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा चेकजाँच गरी रित पुगे नपुगेको एकिन गरेरे मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको खर्च लेख्दा आवश्यक सक्कल कागजात संलग्न राखि भुक्तानी दिनुपर्नेमा यथेष्ट प्रमाण नराखि बिलको अधारमा भुक्तानी दिएकोले प्रमाण पेश गर्नुपर्ने रु

| गो.भौ.न र मिति | विवरण | रकम रु |
|---|---|---|
| ३१४।२०८१।०१।१६ | पदाधिकारी बैठक भत्ता बाफत करकट्टी गरेको रकम राजस्ब खातामा दाखिला नगरेकाले दाखिलाको प्रमाण पेशगर्नु पर्ने | २४,९००।०० |
| ६००।२०८१।०३।२३ | बालविकास केन्द्रको लागि सामन खरिद गरेकोले सम्बन्धितलाई वितरण गरेको भरपाई पेशगर्नु पर्ने | ३,००,०००।०० |
| जम्मा | | ३,२४,९००।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२४,९०० |

१७ **निर्देशिका भन्दा बढी भुक्तानी:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा चेकजाँच गरी रित पुगे नपुगेको एकिन गरेरे मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को ७.१.१५ मा सबै प्रकार तालिम, गोष्ठी, सेमिनार कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्डको सि.नं. ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिक साहयकस्तरको कक्षा सञ्चालन गरे बाफत गाउँपालिका स्तरमा तोकिएको दर भन्दा बढी दरले पालिकाले देहाय अनुसारका तालिममा निम्नानुसारको गो.भौ.नं बाट खर्च लेखेकाले सम्बन्धित प्रशिक्षकबाट असुल गर्नुपर्ने रु

| गो.भौ.नं र मिति | विवरण | प्रशिक्षकको नाम | दिनुपर्ने भत्ता | दिएको प्रशिक्षक भत्ता | बढी भएको रकम रु |
|---|---|---|---|---|---|
| २९३।२०८०। १२।२८ | बालबालिकाहरुका लागि बालशसक्तिकरण कार्यक्रम तालिम सञ्चालन | डिल बहादुर थापा | २४सेसन*६०० =१४४०० | २४ सेसन*१४४५ = ३४६८० | २०२८०।०० |
| ४३६।२०८१। ०२।२८ | किशोरीहरुको भविष्यको बाटो पहिचान | डिल बहादुर थापा | २२सेसन*६००= १३२०० | २२सेसन*८५० =१८७०० | ५५००।०० |
| ४६८।२०८१।३। ०७ | बाल विवाह तथा घरेलु हिंसा तालिम | डिल बहादुर थापा | २२सेसन*६००= १३२०० | २२सेसन*८५० =१८७०० | ५००।०० |
| ४६३।२०८१।३। ०७ | विपद जोखिम न्यूनिकरण सम्बन्धि अभिमुखिकरण | डिल बहादुर थापा | ८सेसन*६०० =४८०० | ८सेसन*८५० =६८०० | २०००।०० |
| | | कुल बहादुर थापा | ४सेसन*६०० =२४०० | ४सेसन*१७०० =६८०० | ४४००।०० |
| **जम्मा** | | | | | **३७,६८०।००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,६८० |

१८ **आर्थिक सहायताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायताको रुपमा बिल भरपाइ र वडा समितिको सिफारिसमा बिभिन्न व्यक्तीलाइ औषधी उपचार खर्च बाफत रकम भुक्तानी गरी खर्च लेखेको देखिन्छ । आर्थिक सहायता तथा औषधी उपचार सम्बन्धि आफ्नो अन्तरिक आम्दानी न्युन रहेको अवस्थामा वडा समितिको निर्णयको आधारमा रकम भुक्तानी गर्नु प्रभावकारी देखिदैन ।कार्यविधि मार्फत पालिकाको आफ्नो क्षमता र आन्तरिक आयका आधारमा कस्ता प्रकारका बिरामिलाई सहायता उपलब्ध गराउने भन्ने पक्षमा समेत ध्यान दिनुपर्ने देखिन्छ।नमुनाको छनौटका आधारमा देहायका वडाले यस सम्बन्धि केही विवरण निम्न छनः

| गो भौ न र मिति | कार्यालय | विवरण | रकम रु |
|---|---|---|---|
| ५६२।२०८१।०३।२१ | वडा नं ८ | वडा अन्तर्गतका नागरिकलाई आर्थिक साहयता | १,००,०००।०० |
| ५६०।२०८१/०३/२१ | वडा नं १० | वडा अन्तर्गतका नागरिकलाई आर्थिक साहयता | १,४९,९२६।०० |
| २१६।२०८०।११।२३ | | कामको सिलिसलामा कुल बहादुर शाहीलाई घाँइते भएको भनि उपचार खर्च | १,००,०००।०० |

१९ **स्थानीय भत्ताः**

निजामती सेवा नियमावली, २०५० को नियम ९३ मा कुनै निजामती कर्मचारी स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा स्थानीय भत्ता पाउने उल्लेख छ । सो सम्बन्धमा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाको मिति २०७१।४।२ चलानी नम्वर ५ वाट नयां तलबमान सुविधा सम्वन्धमा महालेखा नियन्त्रक कार्यालयलाई लेखेको पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषदको २०७१।३। २९ को निर्णयबाट नयां तलवमान र स्थानीय भत्ता स्वीकृत भएकोमा पुनः अर्थ मन्त्रालयको च.नं ६८ मिति २०७१।५।२ को पत्रबाट स्थानीय भत्ता प्रयोजनको लागि अनुसूची १० मा स्थान वर्गिकरण एवं प्राप्त हुने महंगी भत्ताको दर तोकेको छ । साथै सोही पत्रमा कार्यरत जिल्ला भित्र स्थायी वसोवास भएका कर्मचारीले क र ख वर्गकोमा ५० प्रतिशत पाउने उल्लेख छ । पालिकामा कार्यारत निम्नानुसार कर्मचारी जिल्लाको स्थायी वासिन्दा भएको अवस्थामा समेत पुरा स्थानिय भत्ता भुक्तानी भएको छ । तोकिएको भन्दा बढी

भुक्तानी हुँदा पालिकालाई आर्थिक भार पर्दछ । तोकिएको भन्दा बढी दरमा भुक्तानी भएको महंगी भत्ता रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| सि नं | कर्मचारीको नाम | पद | स्थायी ठेगाना | स्थानीय भत्ताको मासिक दर | ५० प्रतिशत रकम | बढी रकम |
|---|---|---|---|---|---|---|
| १. | बासुदेव कार्की | प्रमुख प्रशासकिय अधिकृत | खत्याड गा पा ११ रातापानी | १४,७६०।०० | ७,३८०।०० | ८८,५६०।०० |
| २. | टक्क बहादुर डाँगर | स्वास्थ्य संयोजक | खत्याड गा पा ८ मुगु | १४,७६०।०० | ७,३८०।०० | ८८,५६०।०० |
| ३. | डिल बहादुर थापा | सदस्य सचिव | खत्याड गाउँपालिका मुगु | १४,७६०।०० | ७,३८०।०० | ८८,५६०।०० |
| ४. | बासु देव थापा | सूचना तथा संचार प्रविधि अधिकृत | खत्याड गा पा ४ मुगु | १४,७६०।०० | ७,३८०।०० | ८८,५६०।०० |
| ५. | आनन्द बहादुर रोकाया | रोजगार संयोजक | खत्याड गा पा ९ मुगु | १४,७६०।०० | ७,३८०।०० | ८८,५६०।०० |
| ६. | शुस्मा चलाउने | ना.प्रा.स. | खत्याड गा पा ८ मुगु | ९,६५०।०० | ४,८२५।०० | ५७,९००।०० |
| ७. | विष्णु बहादुर रावत | प्राविधिक सहायक | खत्याड गा पा ८ मुगु | ९,६५०।०० | ४,८२५।०० | ५७,९००।०० |
| ८. | विक्रम शाही | सव इन्जिनियर | खत्याड गा पा ९ मुगु | ९,६५०।०० | ४,८२५।०० | ५७,९००।०० |
| ९. | लोकेन्द्र बहादुर शाही | नायब सुब्बा | सोरु गाउँपालिका मुगु | ९,६५०।०० | ४,८२५।०० | ५७,९००।०० |
| १०. | सम्पदा बि.सी | पब्लिक हेल्थ नर्स | छाँयानाथ रारा गाउँपालिका मुगु | ९,६५०।०० | ४,८२५।०० | ५७,९००।०० |
| ११. | धर्म बहादुर शाही | रोजगार सहायक पाँचौ | खत्याड गा पा ६ मुगु | ९,६५०।०० | ४,८२५।०० | ५७,९००।०० |
| १२. | ककेश शाही | प्राविधिक सहायक | खत्याड गा पा ९ मुगु | ९,६५०।०० | ४,८२५।०० | ५७,९००।०० |
| १३. | विरेन्द्र बहादुर शाही | सूचना अधिकारी स्वास्थ्य शाखा | खत्याड गा पा ९ मुगु | ९,६५०।०० | ४,८२५।०० | ५७,९००।०० |
| १४. | जित बहादुर बुढा | खानेपानी शाखा प्रमुख | खत्याड गा पा ३ मुगु | ९,६५०।०० | ४,८२५।०० | ५७,९००।०० |
| | | | | | जम्मा | ९,६३,९००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,६३,९०० |

२० **अनुगमन खर्चः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा चेकजाँच गरी रित पुगे नपुगेको एकिन गरेरे मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ।पालिकाको वडा नं ६ रहेका योजनाको अनुगमन गर्न सम्बन्धी वडामा अध्यक्ष सहित जनप्रतिनिधि र वडा सचिवले अनुगमन भत्ता लिइ गो.भौ.नं.२८६।२०८१।०३।११ बाट खर्च लेखेकाले सम्बन्धितबाट असुल गर्नुपर्ने रू

| क्र.सं | नाम | भत्ता रकम रु |
|---|---|---|
| १. | भरत बहादुर शाही | १,५००।०० |
| २. | नर बहादुर शाही | १,५००।०० |
| ३. | जनक बहादुर बुढथापा | १,५००।०० |
| ४. | बुगी लुवार | १,५००।०० |
| ५. | मिना बुडथापा | १,५००।०० |
| ६. | अशोक कुमार यादव | १,५००।०० |
| ७. | विकास कुमार शाह | १,५००।०० |
| | जम्मा | १०,५००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,५०० |

२१ **कर्मचारी प्रोत्साहन भत्ताः**

अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को ७.१.५ मा खर्चमा मितब्ययिता कायम गर्ने सम्बन्धमा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई प्रदान गरिदै आएको पोशाक खर्च महँगी भत्ता र स्थानीय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतकको भत्ता जोखिम भत्ता विशेष भत्ताँ खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान गरिने छैन भन्ने स्पष्ट व्यवस्था छ । त्यस्तै नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउने मापदण्ड, २०७८ को दफा ३(२) मा सरकारी कोषबाट वितरण गरिने सबै प्रकारका भत्ता तथा सुविधाहरू दोहोरो पर्नेगरी वितरण नगरिने र बुँदा ११ मा प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेको भत्ता, जोखिम भत्ता, विशेष भत्ता र खाजा खानालगायतका कुनै प्रकारका भत्ता प्रदान नगर्ने उल्लेख छ । पालिकाले संघीय सरकारको व्यवस्थासंग बाझिने गरि कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने कार्यविधी २०७५ अनुसार देहायका कर्मचारीलाई प्रोत्साहन भत्ता दिएकाले नियम सम्मत नदेखिएको रु

| क्र.सं. | नाम | पद | प्रोत्साहन वाफत बार्षिक रु |
|---|---|---|---|
| १. | नन्द कृष्ण पाध्याय | प्र प्र अ | १,३३,६८८।०० |
| २. | बासुदेव कार्की | नि. प्रमुख प्रशासकीय अधिकृत | २,१०,४३०।०० |
| ३. | दिपक धिताल | इन्जिनीयर | २,५२,५१६।०० |
| ४. | सुदिन बुढा | लेखापाल | ३,८८,२८८।०० |
| ५. | लोकेन्द्र वुढा | प्रा. स | १,००,३७४.०० |
| ६. | लोकेन्द्र शाही | प्रशासन सहायक पाचौ | १,००,३७४.०० |
| | | जम्मा | ११,८५,६७०।०० |

| | |
|---|---|
| अनियमित भएको | ११,८५,६७० |

२२ **कृषि सशर्त**

२२.१ **अनुदान प्राप्त गर्ने कृषकहरुको अभिलेख** - स्थानीय तहबाट वितरण हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसि खुल्ने गरि अद्यावधिक अभिलेख राख्नु पर्ने व्यवस्था भएकोमा पालिकाले अनुदान प्राप्त गर्ने कृषकहरुको अभिलेख नराखि फर्म तथा व्यक्तिलाई अनुदान उपलब्ध गराएको छ।यस बाट लक्षित वर्गले अनुदान प्राप्त गरे नगरेको तथा वितरित अनुदानबाट अपेक्षित उपलब्धी हासिल भए वा

नभएको एकिन गर्न सकिने अवस्था देखिदैन। अतः अनुदान प्राप्त गर्ने कृषकहरुको अभिलेख राखि पालिकाको सार्वजनिक जानकारीको लागि समेत प्रकाशित गर्नुपर्दछ।

२२.२ **कर कट्टि गर्न छुट**

१८७।२०८१।०३।२१ आयकर ऐन, २०५८ को दफा ८८, ८९ र ९० अनुसारको भुक्तानीमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ। धुपीरुख महिला कृषक समुहले ढुवानी बापतको रु १८००० को १०% बहाल कर कट्टा गर्नुपर्नेमा कट्टा नगरि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु १८,००।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८०० |

२२.३ **बाख्रा पकेट विकास कार्यक्रम**

प्रदेश र स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सन्चालन सम्बन्धी कार्यविधि, २०८० मा पालिकाले प्रतिपशु अनुदान रकम तोकी उपलब्ध गराउन सक्ने उल्लेख छ। पालिकाले साना व्यवसायिक कृषि उत्पादन (पकेट) कार्यक्रम अन्तर्गत आ.ब. ०७९।८० मा छनोट भई बोका नपाएका ५ फार्मलाई मष्टादेव उन्नत वाख्रापालन तथा घाँस उत्पादन फार्मबाट ५ ओटा बोका प्रतिकेजी रु १५०० का दरले खरिद गरी ल्याई वितरण गरेको देखियो। खरिद गरिएका उक्त बोकाहरु निरोगी भएको प्रमणित गर्ने कागजात राखि विमा समेत गराउनुपर्ने हुन्छ ।कार्यविधि बमोजिम पालिका र व्यक्तिको प्रतिपशु लागत अनुदान निर्धारण गरि वितरण गर्नुपर्नेमा पालिकाले रु २५०००० पुरै भुक्तानी गरेको देखिन्छ । सघींय शशर्त अनुदान शर्त अनुसार खर्च गर्नुपर्दछ ।

| खरिद | वितरित बोका | प्रतिकेजी मुल्य | रकम भुक्तानी |
|---|---|---|---|
| मष्टादेव उन्नत वाख्रापालन तथा घाँस उत्पादन फार्मबाट | ५ | १५०० | २५०००० |

२२.४ **रैथाने बाली प्रवर्दन कार्यक्रम**

रैथाने बाली प्रवर्दन तथा संरक्षण कार्यक्रम अन्तर्गत श्री धुपीरुख महिला कृषक समुहलाई छनोट गरि चिनो कागुनो बालीको क्षेत्र विस्तार एवम ब्लक स्थापना कार्यक्रमका लागी लागत साझेदारीमा पालिका ७५% र कृषि समुह २५% हुने गरि सम्झौता गरेको देखिन्छ । बिउ खरिद, निर्माण कार्य, ब्याग खरिद, मेटल बिन खरिद, होडिङ् बोर्ड र तालिम गरी कुल कार्यसम्पादन रु १,३३,००० को मात्र भएको हुँदा समुहको लागत साझेदारी देखिएन ।प्राविधिक स्टिमेट तयार नगरी ५ हेक्टर जगामा रैथाने बाली विस्तारको लागि जग्गा तयारी गोठेमल सुधार तथा व्यवस्थापन कार्यका लागि वडा समिति र गाँउपालिकाको नायव प्राविधिक सहायक चक्र बहादुर डागरको कार्यसम्पन्न अनुगमन प्रतिवेदनका आधारमा डोर हाजिर मार्फत रु ७७,००० भुक्तानी दिएको देखिन्छ। निर्माण सम्बन्धि कार्यमा प्राविधिक इन्जिनयरबाट लागत अनुमान तयार गरि स्विकृत गरेर मात्र कार्य सन्चालन र भुक्तानी गर्नुपर्नेमा सो भएको देखिएन ।अनुदान पश्चत पालिकाले त्रैमासिक रुपमा अनुगमन, निरिक्षण गर्नुपर्नेमा सो गरेको पाइएन।सम्झौता बमोजिम हुन आउने कुल कार्यसम्पादनको ७५% रु ९९,७५० रकम मात्र भुक्तानी दिनपर्नेमा पुरै १००% भुक्तानी गरको पाइयो । सघींय शशर्त अनुदान शर्त अनुसार खर्च गर्नुपर्दछ ।

| छनौट भएको समुह | लाभान्भित सङ्ख्या | रकम भुक्तानी ढुवानी समेत |
|---|---|---|
| श्री धुपीरुख महिला कृषक समुह | २२ | १,३३,०००। |

२२.५ **बढि भुक्तानी**

२६६।२०८१।०३।२४ आर्थिक कार्यविधि-तथा-वित्तीय उत्तरदायित्व-नियमावली-२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ । रैथाने बालि प्रवर्दन कार्यक्रम सन्चालन गर्दा खाना र खाजा खर्च दोहोरो हुने गरी न्यु बानियाँ होटल एण्ड लजलाई बढी खाजा खर्च लेखेको असुल उपर हुने रकम रु १२,९५०।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,९५० |

## २३ सशर्त स्वास्थ्य

२३.१ **न्यानो झोला खरिद**- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ९ वटा बर्थिङ सेन्टरको लागि स्पेसिफिकेसन तयार नगरी कोटेसन माग गरी मिति २०८०।१२।०७ गोश्वारा भौचार नम्बर ७६ मा सिभिल क्लोथ प्रोडक्सन बाट प्रतिथान रु ८८०.५३ को दरले ५०० थानको रु ४,९७,४९९ भुक्तानी गरिएको छ । गाँउपालिकाले ९ ओटा बर्थिङ सेन्टरमा थान हस्तान्तरण गरेको देखिन्छ । यस वर्ष जना मात्र प्रसुति भएको स्वास्थ्य शाखाको अभिलेखबाट देखिन्छ । आगामी वर्षको लागि थान न्यानो झोला पालिकामा मौज्दात रहेको छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ ।धेरै परिमाणमा खरिद गरि लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

| गत वर्षको बाँकी अल्या थान | यस वर्ष खरिद | बर्थिङ सेन्टरमा हस्तान्तरण | प्रसुती संख्या | बाँकी मौज्दात |
|---|---|---|---|---|
| २५० | ५०० | २३० | २९३ | ५२० |

२३.२ **स्वास्थ्य संस्थाको लेखापरीक्षण**– आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३३ र ३५ बमोजिम नेपाल सरकारको प्रत्येक कारोवारको लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाको प्राथमिक स्वास्थ्य केन्द्र रातापानीमा प्रयोगशाला (ल्याव) संचालनमा रहेको छ ।

उक्त प्रयोगशालामा सेवाग्राहिहरुले शुल्क तिरेर सेवा लिने हुदाँ स्वास्थ्य संस्थाहरुको आम्दानी र खर्च हुने गर्दछ । उक्त स्वास्थ्य संस्थाले गर्ने आम्दानी र खर्चको लेखापरीक्षण गरी पालिकाले प्रतिवेदन लिइ अन्तिम लेखापरीक्षण समक्ष पेश गर्नुपर्नेमा पेश भएन। ति स्वास्थ्य संस्थाहरुको लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले प्रयोगशालाबाट भएको आम्दानी तथा खर्च कानुन सम्मत भए नभएको सुनिश्चित हुन सकिएन । पालिकाले उक्त संस्थाहरुको आम्दानी खर्चको लेखापरीक्षण गराई नियमन गर्नु पर्ने र सबै स्वास्थ्य संस्थाहरुको अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले स्वास्थ्य संस्थाहरुको समय समयमा अनुगमन गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त तुल्याइ आम्दानी खर्चको लेखापरीक्षण मार्फत पारदर्शिता बनाउनु पर्दछ ।

२३.३ **औषधि खरिद** – पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी, औषधिजन्य सामान तथा उपकरणमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सरकार सशर्त अनुदान चालु खर्च बजेट उप शिर्षकबाट विधुतिय बोलपत्रको माध्यमबाट पुरस्कार मेडिसिन्स रु. ७,८५,९३७।०० को विभिन्न

परिमाणको औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

२३.४ कर कट्टि गर्न छुट

१८७।२०८१।०३।१६ आयकर ऐन, २०५८ को दफा ८८, ८९ र ९० अनुसारको भुक्तानीमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ। प्रविधि सहायक लोकेन्द्र बुढाले पेश्की लिई EMIS तालिम सन्चालन गर्दा प्रशिक्षार्थीहरु २८ जनालाई वितरण गरको भत्ता रु २८,००० को १५% अग्रिम कर र हलभाडा र प्रोजेक्टर भाडाबापत रु ८,००० को १० कर कट्टा गर्नुपर्नेमा पेश्कि फस्यौट गर्दा कर कट्टा नगरि भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु ५,०००।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

२४ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन २०७४को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहको अन्तरसरकारी अख्तियारीको लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट भएको छ भने वाँकीको हकमा आन्तरीक लेखापरीक्षण शाखावाट भएको देखिन्छ। आन्तरिक लेखापरीक्षणवाट तपशिल बमोजिमका व्यहोराहरु अनुरुप रु ४४,२२,६०१। बेरुजु देखिएको छ।आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु फछौंट गरी प्रमाण पेश गर्नुपर्ने रु

**विस्तृत विवरण अनुसूचिमा संलग्न रहेको छ।**

**(विस्तृत विवरण बेरूजु दफा २४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,२२,६०१ |

२५ **खाना तथा विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।साथै म.ले.नि.का को प्रकाशित एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ अनुसार विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका खर्च नियमानुसार गरी विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाको विविध खर्च शिर्षकमा रु ७,९९,६६७।०० र सभा सञ्चालन खर्चमा रु ८,७९,८४०।०० गरी जम्मा रु १६,७९,५०७।०० खर्च गरेको छ । उक्त खर्चमा होटलको बिलमात्र पेश हुने गरेको र बिलमा खाजा, खाना, नास्ता लगायत समाबेश हुने गरेको छ । खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार खर्च पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र राखेको साथै खाजा खर्चको मापदण्ड समेत लागु गरेको देखिदैन । यस्ता खर्चका प्रत्येक बिलमा खर्चको मापदण्ड समेत विचार गरी कुन कार्यक्रम वा समारोहमा के कति खर्च भएको हो पुष्टि हुने उपस्थिति लगायतका प्रमाण पेश गर्नुपर्दछ । औचित्य पुष्टि नहुने खर्चलाई नियमित मान्न सकिदैन । प्रत्येक खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि यस्तो खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।यस सम्बन्धि केही उदाहरण निम्न छन ।

| गो भौ नं मिति | विबरण | रकम |
|---|---|---|
| ६३५।२०८१/०३/२४ | चिया नास्ता बापत न्यु वानियाँ होटल एण्ड लजलाई भुक्तानी | ६७,०००।०० |
| ४२०।२०८१/०२/२३ | चिया नास्ता बापत गाउंले डोको कोशेली घर लाई भुक्तानी | ६०,१००।०० |
| ५३३।२०८१/०३/१९ | चिया नास्ता बापत न्यू सुन्दर होटल एण्ड किरानापसल लाई भुक्तानी | ३६,०३५.०० |
| ६०५।२०८१/०३/२३ | सिमरन स्टोर्सलाई भुक्तानी | ५४,२४०।०० |

२६ **फरक आपूर्तिकर्तालाई भुक्तानी**

२१३।२०८१।०३।२४ गाउँपालिकाको लागी आवश्यक पर्ने सांमाग्री उपलब्ध गराए वापत श्री आउटलुक्स सप्लार्यस बाँके नेपालगंज भुक्तानी गर्नुपर्नेमा आउटलुक्स सप्लार्यसका अतरिक्त श्री निशान कम्प्युटर ट्रेडस नेपालगंजलाई समेत रु ४३,१३८। भुक्तानी भएकोले श्री निशान कम्प्युटर ट्रेडस नेपालगंजबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,१३८ |

२७ **संघिय सरकारबाट हस्तान्तरित शिक्षा**

२७.१ **विद्यालयगत निकासा रजिष्टर** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको शिर्षकगत विवरण खुल्ने गरी विद्यालयगत अभिलेख राख्नु पर्नेमा राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम भिडान गर्न सकिएन । पालिकाले विद्यालयलाई दिने निकासाको शिर्षकगत अभिलेख खाता राखि पारदर्शि गर्नु पर्दछ ।

२७.२ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । शिक्षक दरवन्दी वमोजिम पदपूर्ति गर्नुपर्दछ।

| विद्यालयको नाम | दरवन्दी | स्थायी | करार | अनुदान | अनुदान | अनुदान | संख्या |
|---|---|---|---|---|---|---|---|
| श्री खेस्मालिका आधारभूत विद्यालय | ३ | २ | १ | ० | ० | ० | ८९ |
| श्री मष्टा आधारभूत विद्यालय | ३ | ३ | ० | ० | १ | १ | २१७ |
| श्री भगवती माध्यमिक विद्यालय | ३ | २ | १ | ० | ३ | २ | ३५३ |
| श्री लोकप्रिय माध्यमिक विद्यालय | १२ | ८ | ४ | ४ | ० | ० | ८१५ |
| श्री महादेव माध्यमिक विद्यालय | ६ | ५ | १ | १ | १ | १ | २२३ |
| श्री देवीरुमा आधारभूत विद्यालय | २ | २ | ० | ० | ० | ० | १६ |
| श्री लालिगुराँस आधारभूत विद्यालय | १ | १ | ० | १ | ० | ० | ३६ |
| श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | ३ | ३ | ० | ० | ० | ० | २७ |
| श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | ३ | ३ | ० | ० | १ | १ | ९० |
| श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | ३ | ३ | ० | ० | १ | १ | १३८ |
| श्री मष्टा आधाभूत विद्यालय | ३ | ३ | ० | ० | ० | ० | ३७ |
| श्री महादेव मष्टा माध्यमिक विद्यालय | १६ | १० | ६ | ० | १ | ० | ४६६ |
| श्री सरस्वती माध्यमिक विद्यालय | ५ | ४ | १ | २ | २ | २ | १७३ |
| श्री सुमामाई आधारभूत विद्यालय | ० | ० | ० | १ | १ | १ | ९२ |
| श्री उच्चलेकाली आधारभूत विद्यालय | ३ | १ | २ | ० | ० | ० | ३२ |
| श्री हिमालय आधारभूत विद्यालय | ३ | ३ | ० | १ | १ | १ | २३५ |
| श्री जनज्योति आधारभूत विद्यालय | २ | १ | १ | ० | ० | ० | ३० |
| श्री बालशिक्षा माध्यमिक विद्यालय | ५ | ५ | ० | ० | १ | २ | ३२८ |
| श्री बालशिक्षा आधारभूत विद्यालय | ० | ० | ० | ० | ० | ० | ४९ |
| श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | २ | २ | ० | ० | ० | ० | ९० |
| श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | २ | २ | ० | ० | ० | ० | २४ |
| श्री जनजागरण माध्यमिक विद्यालय | ३ | ३ | ० | १ | ३ | २ | ४०८ |
| श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | ३ | ३ | ० | ० | १ | १ | २०१ |
| श्री भैरव आधारभूत विद्यालय | ० | ० | ० | १ | ० | ० | ८६ |
| श्री मष्टा आधारभूत विद्यालय | ० | ० | ० | ० | ० | ० | ४४ |
| श्री जनप्रकाश आधारभूत विद्यालय | ३ | ३ | ० | ० | ० | ० | १२७ |
| श्री निलकण्ठ आधारभूत विद्यालय | २ | २ | ० | ० | ० | ० | ६६ |
| श्री तर्मालिका आधारभूत विद्यालय | २ | २ | ० | ० | ० | ० | ४१ |
| श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | ३ | २ | १ | १ | ० | ० | १५१ |
| श्री बालज्योति आधारभूत विद्यालय | २ | २ | ० | ० | ० | ० | ५३ |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| श्री कालिका माध्यमिक विद्यालय | ८ | ६ | २ | १४ | ० | ० | ४६८ |
| श्री रारा आधारभूत विद्यालय | १ | १ | ० | १ | ० | ० | १३६ |
| श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | ३ | २ | १ | ० | ३ | २ | २४९ |
| श्री सरस्वती आधारभूत विद्यालय | २ | २ | ० | ० | ० | ० | ३४ |
| श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय | ३ | १ | २ | ० | १ | ० | ११७ |
| श्री पञ्चोदय माध्यमिक विद्यालय | ९ | ५ | ४ | ० | ० | ० | ३१९ |
| श्री शिव आधारभूत विद्यालय | ३ | २ | १ | ० | ० | ० | १५८ |
| श्री सर्वोदय माध्यमिक विद्यालय | ९ | ७ | २ | १ | ० | ० | ३६६ |
| श्री पंचदिप आधारभूत विद्यालय | ० | ० | ० | ० | १ | ० | १५ |
| श्री आधारभूत विद्यालय | ० | ० | ० | ० | ० | ० | १६ |

२७.३ **छात्रवृति:** आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नु पर्ने उल्लेख छ।पालिकाले भौ नं १०५ मिति २०८१।०१।१८ बाट विभिन्न विद्यालयहरुलाई छात्रवृति निकासा गरेकोमा जनजागरण मा वि लाई रु २१४४००। निकासा भएको बराबरको छात्रवृति वितरण गरेको भरपाई संलग्न नरहेकोले छात्रवृति निकासा बमोजिम वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१४,४०० |

२७.४ **सेनिटरी प्याड व्यवस्थापन:** कार्यालयले यस वर्ष प्रति गोटा रु ३१।६४ (मु अ कर समेत) ले २७१४२ गोटा खरिद गरि रु ५,५८,७७३।०० बरावरको स्यानीटरी प्याड खरिद गरेको छ।पालिकाले यसरी खरिद गरेको स्यानीटरी प्याड वितरण नगरि स्टोरमा मौज्दात रहेको पाईयो। ठुलो परिमाण वितरण नगरी मौज्दात रहने गरि खरिद गर्दा सामाग्रीको गुणस्तरमा समेत ह्रास आउने देखिन्छ। कार्यालय माग र आवश्यकताको विश्लेषण गरी खरिद गर्नुपर्दछ।

## २८ राष्ट्रपति रनिङ्ग शिल्ड

२८.१ **राष्ट्रपति रनिङ्ग शिल्ड:** पालिकाले यस वर्ष राष्ट्रपति रनिङ्ग शिल्डमा सशर्त अनुदानबाट रु १,००,०००। र वित्तिय समानिकरण अनुदानबाट रु.१०,००,०००। गरी रु ११,००,०००। कालीका मा वि लाई आयोजना वापत भुक्तानी गरी खर्च लेखेको छ।यस सम्बन्धमा देखिएमा व्यहोरा निम्नानुसार छन।

· पालिकाको आन्तरिक आम्दानी न्यून रहेको अवस्था संघीय विभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण अनुदान रकमको उपयोग गर्दा सो रकमबाट शिक्षा क्षेत्रको लागि विनियोजित बजेट शिक्षा क्षेत्रको विकास र विस्तारमा खर्च गर्नुपर्नेमा यसरी वितरमूखि एवं अनुत्पादकमूलक क्षेत्रमा खर्च गरेको नियमित मान्न सकिदैन। पालिकाले प्रचलित कानुन तथा आफ्नो आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार मात्र खर्च गर्नुपर्दछ।

· पालिकाले गाउँपालिका राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना सम्बन्धी खर्च सम्बद्ध फाँटवारी परिक्षण गर्दा अधिकांस खाजा, खाना तथा बास वापत विभिन्न होटलका विल भरपाई, खेलकुद पोशाक तथा खेल सामाग्री खरिदका विभिन्न आपूर्तिकर्ताको बिल भरपाई, गाडि रिभर्ज वापतको विल भरपाई,कर्मचारी दैनिक भ्रमण भत्ता संलग्न रहेको पाईयो।संलग्न विल भरपाईबाट देखिएका खाना खाजा लगायत अन्य खेल सामाग्रीको दर र गाडि रिजर्भको दरमा समेत एकरुपता नुहनु तथा खेल प्रतियोगितामा सहभागि खेलाडि तथा प्रशिक्षकको संख्या तथा सो को एकिन गर्न नसकिएबाट खर्चको विश्वसनिय आधार देखिदैन।यसर्थ यस किसिमका खर्च गर्दा प्रचलित मापदण्डको आधार लिनुका साथै सार्वजनिक स्रोत साधनको सदुपयोगमा ध्यान दिनुपर्दछ।

२८.२ राष्ट्रपति रनिङ्ग शिल्ड आयोजना वापत विभिन्न भत्ता वितरण, गाडि बहालमा लिएको लगायतको तपशिल बमोजिमको रु ६६,०७९। करकट्टा भई राजश्व दाखिला नभएकोले असुल गरी दाखिला गर्नुपर्ने रु

| क्र सं | विवरण | रकम |
|---|---|---|
| १ | पारिश्रमिक कर | ६२,५७९ |
| २ | बहाल कर | ३५०० |
| | **जम्मा** | **६६,०७९** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६,०७९ |

२९ **अनुगमन, मूल्यांकन र भ्रमण खर्च**

२९.१ **भ्रमण अभिलेख:** भ्रमण खर्च नियमावली२०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्ला भित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट भ्रमण खर्च कर्मचारीले रु १५,४६,९४४।०० र भ्रमण खर्च पदाधिकारीले रु १०,८३,७९६।०० गरी जम्मा रु २६,३०,७४०।०० खर्च लेखेको छ। तर भ्रमणको उद्धेश्य अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख दुरीको विवरण आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन ।दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा भत्ताको दर, बिल, टिकट लगायत कानूनको पालना, खर्चमा मितव्ययिता र भ्रमण किफायती हुनुपर्ने बिषयमा ध्यान गर्नुपर्ने देखिन्छ।

२९.२ **भ्रमण खर्च:** भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधान प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था छ । पालिकाको आफ्नै सवारी साधन भएको अवस्थामा कार्यालयका पदाधिकारी वा कर्मचारीले भ्रमण गर्दा गाडी भाडामा लिने र सम्झौता गर्ने गरेको देखिन्छ । यसरी गाडी भाडा सम्झौता गरी भ्रमण गर्दा भुक्तानी सम्बन्धित पक्षलाई भुक्तानी नगरी आफैंले भुक्तानी लिएको देखिन्छ । यसरी नियमावलीको नियम विपरित किफायती नहुने गरी र पाउने सुविधा भन्दा बढी हुने गरी पदाधिकारी वा कर्मचारीले भ्रमण गरेको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन ।

• अधिकांश भ्रमणको उदेश्य र स्पस्ट प्रयोजन कार्यालयकै कामको लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनिय आधार नदेखिएको ।

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकोले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धि एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात तोकिए बमोजिमको भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको खर्च भुक्तानी गरेको ।

• स्पस्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी कर्मचारी र वडा अध्यक्ष तथा सदस्य सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्विकृत गर्ने गरेको । अत स्पस्ट प्रयोजन र उदेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्विकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

३० **कार्यालय सञ्चालन खर्च**

३०.१ **आन्तरिक आय र प्रशासनिक खर्चको अनुपातः** स्थानीय संचितकोष व्यवस्थापन प्रणालीको आय व्यायको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु. ६५,७१,६८५।७३ देखिन्छ भने प्रशासनिक (चालु) खर्च रु. ३७,६८,६४,५३४।०० रहेको छ । यसरी आन्तरिक आय र प्रशासनिक (चालु) खर्च वीचको अनुपात अर्थात प्रशाशनिक खर्च आन्तरिक आयको तुलनामा ५७।३४ गुना वढी रहेको छ । साथै गाउँपालिकाको यो वर्षको कुल जम्मा खर्च रु ४९,९०,२५,८७९।०० रहेकोले उक्त खर्च आन्तरिक आयको ७५।९३ गुणा बढी रहेको छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ। सोही वमोजिम गाउँपालिकाले संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ। यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दै सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ।

३०.२ **खरिद योजना तथा इकाई:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढि रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष बार्षिक खरिद योजना तयार गरेको भएतापनि यसको कार्यान्वियन भएको छैन । बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको योजना कार्यान्वयन नहुदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको विपरित तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा विधी विपरित हुन गएको, खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी खरिद इकाई गठन गरेको भएता पनी सो एकाईलाई प्रमावकारी रुपमा कार्यान्वयनमा ल्याएको पाईएन । खरिद इकाई गठन नहुँदा सोझै खरिद जस्ता विभिन्न खरिद कार्यको कमि कमजोरी हटाउने तथा मालसामान, खरिद तथा निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ। तसर्थ व्यवस्थित खरिद कार्यको लागि खरिद इकाईलाई प्रभावकारी वनाउन कार्यालयले ध्यान दिनु पर्दछ ।

३०.३ **सौझै खरिद-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद गर्न नहुने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाखदेखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खरिद नियमावली २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज , खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शिर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाइ पटक पटक र कर्मचारीहरुले आफुअनुकुल बजारमा गई कुल विनियोजन भएको रु ८,००,०००।०० मध्ये रु ७,९९,१७५.०० खरिद गरेको छ । आवश्यकता पहिचान गरी ऐनको ब्यबस्था बमोजिम प्रतिस्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३०.४ **औषधि खरिदः** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । यसवर्ष पालिका चालु बजेट उप शिर्षकबाट संलग्न अनुसुचि वमोजिम वोलपत्र खरिद वाहेक फर्मसँग रु १७,८५,८०३।०० को औषधि प्रतिशपर्धा वेगर खरिद गरेको छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खपत र मौज्दातको अवस्था एकिन हुनेगरी अभिलेख राख्ने र प्रतिस्पर्धाको आधारमा औषधिको खरिद गर्नुपर्ने देखिन्छ ।

| गो भौ नं | आपुर्तिकर्ता | कार्य | खर्च रकम |
|---|---|---|---|
| ५२४।२०८१।०३।१८ | रारा मेडिसिन एण्ड सर्जिकल डिष्ट्रिब्युटर्स प्रा लि | औषधि खरिद | ९,९९,८६८।०० |
| ३५।२०८०/१०/०५ | पुरस्कार मेडिसेल्स | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | ७,८५,९३५।०० |
| जम्मा | | | १७,८५,८०३।०० |

३१ **खर्चमा मितव्ययिताः**

पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव माग गर्न सकिने र गोरखापत्र संस्थानले सूचना प्रकाशनमा ३३ प्रतिशत सम्म छुट दिने व्यवस्था छ।साथै अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७मा सार्वजनिकायले प्रकाशन गर्नुपर्ने प्रतिवेदन प्रचलित कानून बमोजिम छपाई गरि पर्नेमा बाहेक छपाई नगरी त्यस्तो निकायको वेभसाइट मार्फत सार्वजनिक गर्नुपर्ने उल्लेख छ ।यसरी सार्वजनिक निकायले वेबसाइट वा अनलाइन मार्फत विद्युतीय माध्यमको प्रयोग गरि सूचना प्रकाशन गर्नुपर्नेमा पालिकाले यस आर्थिक वर्षमा प्रतिस्पर्धा वेगर सिधै भुक्तानी दिइ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकमा रु ४,३९,८८०।००बजेट खर्च गरेको छ। पालिकाले सूचना तथा विज्ञापन प्रकाशन तथा प्रशारण गर्दा प्रतिस्पर्धी खरिद विधि अवलम्बन गर्नुका साथै छुट सुविधा लिई सार्वजनिक स्रोत साधनको सदुपयोगमा जोड दिनु पर्दछ।

३२ **सम्पत्तिको संचालन र मर्मत सम्भार खर्च**

३२.१ **मर्मत सम्भार**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए लागत अनुमान स्विकृत गराई मालसामानको आफ्नै वर्कसप र मर्मत केन्द्र भए सार्वजनिक निकायले त्यस्तो मालसामानको मर्मत त्यस्तो बर्कसप वा सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको मर्मत केन्द्रवाट गराउनुपर्ने ब्यबस्था छ । यस बर्ष पालिकाले सवारी साधन मर्मत खर्च रु १०,९९,२१४।०० खर्च लेखेको छ । यस्तो खर्चमा नियमावलीको प्रकृया वमोजिम लागत अनुमान स्विकृत गरी सवारी साधन तथा मेशिनरी औजारको आधिकारीक बिक्रेताको बर्कसप वा मर्मत केन्द्रवाट मर्मत गराएको देखिएन । खर्चमा मितव्ययीता र नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

३२.२ **ईन्धन खर्च-** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ को अनुसुचि १ मा अध्यक्षको सवारी साधनलाई मासिक ७० लिटर डिजल उपाध्यक्ष माशिक ६० लिटर डिजल र वडाध्यक्ष मासिक १५ लीटर पेट्रोल सवारी इन्धन पाउने व्यबस्था छ । त्यस्तै अर्थ मंत्रालयवाट प्रकाशित सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकामा १ एम्बुलेन्स, १ ब्याकहो लोडर, १४ मोटरसाइकल, इन्धन प्रयोग गर्ने साधन रहेकोमा सो को लागी यस वर्ष इन्धन (कार्यालय प्रयोजन) रु १२,००,०००।०० बजेट व्यवस्था गरेकोमा रु ९,६३,७७२।०० वजेट खर्च गरेको देखिन्छ । प्रचलित कानुन, आफ्नो आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार र कार्यालयको कार्यबोझको आधार समेत एकिन गरी पदाधिकारी तथा कर्मचारीलाई सवारी साधनको लागी पाउने ईन्धन सुविधा अतिरिक्त पालिकामा रहेका हेभि इक्विमेन्ट उपकरणको प्रयोग र ईन्धन खर्चको तादम्यता मिल्ने देखिदैन। कानुन तथा मापदण्ड अनुसार हुने र भएको इन्धन खर्च बीच ठूलो रकम फरक परेको कारण यस तर्फ पालिकाको एकिन गरी मापदण्ड भित्र रहेर मात्र ईन्धन खर्च गर्नुपर्दछ ।यस सम्बन्ध अन्य व्यहोराहरु निम्न अनुसार रहेका छनः

• सवारी इन्धन खर्च लेख्दा सम्वन्धित सवारी साधनमा खपत भएको इन्धनको खर्चको अभिलेख PAMS राखिएको भएता पनि यसको पूर्ण रुपमा लागु गरेको पाइएन । इन्धन खर्चको अभिलेख PAMS राखिनुपर्दछ ।

• पालिकामा रहेका टिप्पर, ब्याकहो लोडर र एम्वुलेन्स लगायत मेशिनरी उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखेको पाईएन । एकातर्फ उक्त उपकरण सञ्चालनको पुर्ण रुपमा लगसिट राख्ने गरेको नपाइएकाले सवारी साधनको दुरी र खपत भएको इन्धनको एकिन गर्न सकिएन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गर्न सकिएन। उक्त उपकरणहरु सञ्चालन सम्बन्धी कार्यविधि तयार गरेको भएपनि सोको पूर्ण पालना भएको छैन । यसरी यन्त्र उपकरण सञ्चालन प्रभावकारी नहुदा पालिकाको सो वापत हुने आय समेत गुमेको देखिन्छ। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन लागत लाभ समेतको विश्लेषण गरी प्रभावकारी बनाउनुपर्दछ। ।

३३ **नविकरणीय उर्जा**

नविकरणिय उर्जा प्रवर्द्धन कार्यक्रम नवीकरणीय ऊर्जा अनुदान नीति २०७३ नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७३. नवीकरणीय ऊर्जा सम्बन्धि विशेष कार्यक्रमहरुको प्रवर्द्धनका लागि कार्य संचालन तथा अनुदान परिचालन कार्यविधि २०७३ बमोजिमको प्रक्रियालाई अवलम्बन गर्नुका साथै नवीकरणीय/ वैकल्पिक ऊर्जा सम्बन्धि केन्द्रले स्वीकृत गरेका प्राविधिक मापदण्ड र मेनुएल्सलाई आधारमानि कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ।साथै नविकरणिय उर्जा कार्यक्रममा कम्तिमा १० प्रतिशत उपभोक्ता वा समुदायको लगानी / योगदान सुनिश्चित गर्नुपर्ने समेत व्यवस्था रहेको छ। यस वर्ष पालिकालाई नविकरणिय उर्जा अन्तर्गत संघिय सरकारबाट प्राप्त अनुदानबाट रु ९,९४,८८८। भौ नं ४३ मित २०८१।०३।२४ बाट कार्यालय प्रयोजनको लागि सोलार खरिद वापत भुक्तानी दिएको छ।यसरी संघिय सशर्त अनुदान कार्यक्रमको उद्येश्य र मर्मसँग मेल खाने गरी तथा तोकिएको मापदण्डको अधिनमा रहि संचालन गरेको देखिदैन। कार्यालयले यसमा सुधार गर्नुपर्दछ।

३४ **परामर्श सेवा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले विभिन्न परामर्शदाता फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थपरक भएको विश्वस्त हुने आधार देखिदैन।साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न जनशक्ति मौजुदा रहेकोमा अवस्थामा सम्भव भएसम्म सो जनशक्तिको उपयोग मार्फत डिपिआर कार्य गरी सार्वजनिक स्रोतको सदुपयोगमा जोड दिनुपर्दछ।

| **कार्य विवरण** | **परामर्शदाता** | **बजेट खर्च** |
|---|---|---|
| खेतिमाइ DPR निर्माण | प्रतिष्ठा कन्सल्टेन्ट एण्ड कम्पनी प्रा लि | ७,९७,००० |
| बाउपानी सेरा माझघट्ट सडक निर्माणका लागी DPR निर्माण | सनोजित इन्जीनियरिङ्ग कन्सलटेन्सी प्रा लि | ११,९२,००० |
| भुमि सम्वन्धि विस्तृत प्रतिवेदन निर्माण | स्पाइरल इन्जिनियरिङ्ग एण्ड एजुकेसन | १४,००,१२८ |
| स्थानीय पाठ्यक्रम विकास | कमल सिंह | १५,००,००० |
| | **जम्मा** | **४८८९१२८** |

३५ **पेश्की वाँकिः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको

अन्त्यसम्म फस्र्यौट नभई रु १८,२९,०००।०० बाँकी रहेको देखिन्छ ।

| गो.भौ.न। मिति | संस्था वा कर्मचारीको नाम | रकमर रु |
|---|---|---|
| १८५।२०८१।०३।१६ | श्री टक्क बहादुर डागर (पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेशन एंव गुणस्तर सुधार साथै अर्धबार्षिक एंव बार्षिक समिक्षा) | २,६५,०००।०० |
| ५४१।२०८१।०३।२० | श्री द्वारीका इन्जिनीयरिङ्ग एण्ड कन्सट्रक्सन सप्लार्यस प्रा.लि. सडक गुरु योजना निर्माण | ३,७२,०००।०० |
| ५५५।२०८१।०३।२१ | श्री सजोनित इन्जिनीयरिङ्ग कन्सल्टेन्सी प्रा.ली बाउपानी सेरा माझघाट सडक DPR निर्माण | ११,९२,०००।०० |
| | | १८,२९,०००।०० |

| पेश्की | १८,२९,००० |
|---|---|

३६ **योजना तथा ठेक्का व्यवस्थापन**

३६.१ **लागत अनुमान:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुरा र नियम १० मा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।यस पालिकाले बोलपत्र आव्हान गरी विभिन्न निर्माण व्यवसायीसँग सम्झौता गरि सम्पन्न गरेको केहि योजना छनौटगरि परीक्षण गर्दा पालिकाले सम्झौता गरेको रकम र परिमाण भन्दा उल्लेखनिय घटि परिमाणमा कार्यसम्पन्न तथा मुल्याङ्कन भएको छ।यसरी निर्माण कार्यमा लागत अनुमानको तुलनामा लागत अनुमान भन्दा धेरै घटि हुनेगरि कार्यसम्पन्न भएको देखिदा लागत अनुमान वस्तुनिष्ठ एवं यथार्थपरक नभएको देखिन्छ।लागत अनुमान तयार गर्दा विशेष ध्यान दिनुका अतिरिक्त निर्माण व्यवसायीसँग सम्झौता अनुसार कार्य गराउन अग्रसर हुनुपर्दछ।

| **भौ नं** | **निर्माण योजना** | **सम्झौता रकम** | **मुल्याङ्कन रकम** | **घटि रकम** | **सम्झौता भन्दा घटि** |
|---|---|---|---|---|---|
| ५५ | गाउँपालिका देखि क्यातडि हुदै लाम्रुसम्म सडक | ७३,६४,९३७ | ६२,०२,६६६।९८ | ११,६२,२७० | १६ % |
| १९५ | नखर्जि रुम्नाकाध सडक निर्माण | ३७,५५,६९९।२५ | २९,१६,९३१।३० | ८,३८,७६७।९३ | २२ % |
| १२५ | पाँचेनखर्जि सडक खण्डमा आरसिसि निर्माण | २९,११,३६८।२३ | २३,८१,२९१।८२ | ५,३०,०७६।४१ | १८ % |
| १९ | ने रा आ वि कर्खा जामिर विद्यालय भवन निर्माण | ९४,७१,७१०।२३ | ८६,०१,५३२।७३ | ८,७०,३९४।७७ | ९ % |

३६.२ **कोटेसन मार्फत खरिद:** सार्बजनिक खरिद नियमावलि २०६४ को नियम ८४(१) अनुसार बिस लाख भन्दा बढिको निर्माण कार्य गराउदा बोलपत्रको मध्यामबाट गराउनु पर्ने उल्लेख छ। पालिकाले स्थानीय सडक मर्मत लगायतका काम पटक पटक पटके रुपमा सोझै खरिद गर्न मिल्ने १० लाखको सिमा भित्रको लागत अनुमान बनाई विभिन्न निर्माण व्यवसायी तथा आपूर्तिकर्तासँग कोटेशन प्रस्ताव माग गरी तपशिल बमोजिमको रु ७९,४९,६१४। को सोझै खरिद गरेको छ। कार्यालयले एउटै प्याकेज बनाई बोलपत्रको माध्यामबाट प्रतिस्पर्धाको मार्फत खरिद गर्न सक्नेमा सोझै खरिद गरेको देखिएकोले मितव्ययी र किफायति दरमा खरिद भएको हो भन्ने आधार देखिदैन।कार्यालयले यसमा सुधार गर्नुपर्दछ।

| भौ न मिति | काम | फर्मको नाम | रकम |
|---|---|---|---|
| ३४ | स्थानीय सडक मर्मत | कान्जिरोवा ईन्फ्राईस्ट्रक्चर | ९,११,७३० |
| ३५ | गाडेखोला वस्ति जाने सडक मर्मत | एलिना निर्माण सेवा | ५,९१,९७३ |
| ५६ | विभिन्न सडक मर्मत | पि एण्ड पि कन्स्ट्रक्सन | ७,५०,३५१ |
| ५९ | स्थानीय सडक मर्मत | रारा कन्स्ट्रक्सन | ७,५२,९३७ |
| ७१ | पाचे नखर्चि सडक मर्मत तथा पहिरो सफा गर्ने कार्य | महादेव निर्माण सेवा | ७,०९,८३० |
| १७३ | गाउँपालिका देखि क्यातडि हुदै लाम्रु सडक निर्माण तथा तटवन्धन | महादेव निर्माण सेवा | ८,६१,७३८ |
| १७६ | विभिन्न सडक मर्मत | गोल्डेन प्वाईन्ट ईन्जिनियरिङ्ग कन्स्ट्रक्सन | ४,७७,५३८ |
| १९६ | हिलटपमा सडक निर्माण | बुढा निर्माण सेवा | ९,०१,१७५ |
| २२३ | झुगोला बेलिब्रिज तटवन्धन | कालिका कन्स्ट्रक्सन | ६,६५,५०० |
| २२८ | गाउँपालिका घेवार तथा पर्खाल निर्माण | रश्मिता जनरल स्टोर्श | ४,१८,६४९ |
| २३० | रुपाखानी डाँडा देखि रुमाले बाटो निर्माण | साईमन कन्स्ट्रक्सन | ७,०८,१९३ |
| | | **जम्मा** | **७९,४९,६१४** |

३६.३ **बढि परिमाण मुल्याङ्कन:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।कार्यालयले विभिन्न निर्माण व्यवसायीसँग कोटेसन प्रस्ताव माग गरी खरिद कार्य सम्पन्न गरेका तपशिल बमोजिमका सडक मर्मत तथा निर्माण कार्यको श्रेस्ता परीक्षण गर्दा निर्माणस्थल भिरालो रहेको अवस्थामा कार्यालयले ०.५ कोफिसियन्ट लिनुपर्नेमा वक्स कटिङ्गको आधारमा कोफिसियन्ट १ लिई लागत अनुमान तयार,सम्झौता एवं प्राविधिक मुल्याङ्कन गरी भुक्तानी गरेको छ।यसरी तपशिल बमोजिम रु ६,९५,८९२। वराबरको बढि नाँपजाच भई व्ययभार परेको रु

| भौ नं | निर्माण योजना | आपूर्तिकर्ता | कामको विवरण | मुल्याङ्कन परिमाण | यथार्थ परिमाण | फरक परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|---|---|
| ५६ | सडक मर्मत तथा निर्माण ४,६ र ११ | पि एण्ड पि कन्स्ट्रक्सन | पहिरो पन्छाउने | २९१.६१ | १४५.८१ | १४५.८१ | ६० | |
| | | | माटोको काम | २३.४७ | ११.७३६ | ११.७३६ | ७५ | |
| | | | मध्यम चट्टान | २२१.८७ | ११०.९४ | ११०.९४ | ४०० | |
| | | | कडा चट्टान | २९१.६५९ | १४५.८३ | १४५.८३ | १९०० | ३,४१,०१५ |
| ७१ | नखर्जि रुम्नाकाध सडक निर्माण | महादेव मष्टा निर्माण | पहिरो पन्छाउने | ५७१०.६३ | २८५५ | २८५५ | ११० | ३,५४,८७७ |
| | | | | | | | **जम्मा** | **६,९५,८९२** |

| | |
|---|---|
| अनियमित भएको | ६,९५,८९२ |

३६.४

**बार सेड्यूल:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।पालिकाले नेपाल राष्ट्रिय आ वि कर्खा ज्यामिर विद्यालय भवन निर्माण(ठेक्का नं KRM/NCB/WORKS/02/078/79) कालिका कन्स्ट्रक्सन एण्ड अर्डर सप्लार्यस संग रु ९४७१७१०।२३ वरावरको खरिद सम्झौता गरी रु ८७०३९४।७७ वरावरको कार्यसम्पन्न गरेको छ।यस निर्माण कार्यमा आरसिसिको काम भएकोमा कार्यालयले पिसिसि १४६.४१ घ मि को काममा १.५ प्रतिशतले १७.२४ मेट्रिक टन प्रति मेट्रिक टन रु १२३१७०। ले रु २१२३४५१। वरावरको डण्डी खपत परिमाण गणना गरेको छ।यसरी बार सेड्यूल वेगर डण्डीको परिमाण गणना हुदा यथार्थमा भन्दा बढि परिमाण गणना हुनसक्ने जोखिम देखिन्छ।यसर्थ कार्यालयले यथार्थ परिमाण गणना गरि वास्तविक कार्यसम्पन्नको भुक्तानी दिनुपर्दछ।कार्यालयले यसमा सुधार गर्नुपर्दछ।

३६.५ **बढि दररेट:** २२४।२०८१।०३।२४ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।कार्यालयले गाउँपालिका देखि क्यातडि हुदै लाम्रुसम्म सडक निर्माण कार्यको कोटेशन मार्फत शिव महादेव निर्माण सेवासँग खरिद सम्झौता गरी सम्पन्न गरेको छ।यस निर्माण योजनामा पिसिसि १:३:६ को निर्माण कार्य भएकोमा कार्यालयले पिसिसि १:२:४ को दररेट विश्लेषण गरी लागत अनुमान तयार,कोटेसन प्रस्ताव माग,सम्झौता एवं मुल्याङ्कन गरी भुक्तानी गरेको छ।पिसिसि १:३:६ को लागत अनुमान रु १६,९८५।२७ ओभरहेड सहित हुनुपर्नेमा कार्यालयले पिसिसि १:२:४ को रु १८,५००। मा खरिद सम्झौता गरेको छ।यसरी २६.१२ घ मि पिसिसि कार्यको प्रति घ मि रु १५१४।७३ को दरले रु ४४,७०८। (मु अ कर समेत) बढि भुक्तानी भएको छ।यसर्थ बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,७०८ |

## ३७ सहकारी नियमन, सुपरीवेक्षण तथा अनुगमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सहकारी संस्थाको विवरण मध्ये १६ वटा सहकारी संस्था रहेको विवरण पेश गरेको छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण समेत भएको पाइएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ३८ सम्पत्ति उपयोग र संरक्षण

३८.१ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाधल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ: स्थानीय सरकार सञ्चागलन ऐन, २०७४ को दफा ९७, मा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वियन नगर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु र अभिलेख राख्नु पर्दछ ।

३८.२ **सम्पत्ति लेखांकनः** गाउँपालीका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । विगतका सरकारी कार्यालय साविक गाउँपालिकामा समायोजन भै आएका भौतिक सम्पत्तिहरु गाउँपालीकाको एकिकृत जिन्सी खातामा अभिलेख राखेको छैन जसले गर्दा गाउँपालीकाको यथार्थ सम्पत्तीको अवश्था मुल्याङ्कन गर्न सकिएन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ ।

• पालिकाको जिन्सी मौज्दातको संक्षिप्त वार्षिक विबरण म ले प फा नं ४१३ मा खर्च नहुने प्रकृतिका देहाय जिन्सी सामान निकासा / हस्तान्तरण / आधारमा जिन्सी खातावाट खर्च घटाएको देखिएकोले उल्लेखित सामानहरु सम्बन्धित निकासा वा हस्तान्तरण भएको कार्यालयको जिन्सी खाता PAMS मा दाखिला गरेको प्रमाण पेश नभएकोले सम्वन्धित कार्यालयको PAMS मा दाखिला भएको वा लिलाम बिक्री वा पालिकाकै सम्पतिमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु

| सि नं | बिबरण | निकासा वा हस्तान्तरण भएको सामान संख्या | मुल्य |
|---|---|---|---|
| १ | मोटर साइकल | ७ | ४१,७५,१३२।४५ |
| २ | टेलिभिजन | १ | ६८,१४१।५९ |
| ३ | डेस्कटप कम्प्युटर | ४ | २,४४,३७८।८० |
| ४ | ल्यापटप | ७ | ६,१६,७२५।६५ |
| ५ | प्रिन्टर | ४ | १,१५,५३१।४९ |
| ६ | इन्भरटर | १ | १,२०,०००।०० |
| | जम्मा | | ५३,३९,९०७।९८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५३,३९,९०७ |

३८.३ **घरजग्गाको लगतः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम बमोजिम प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर जग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्दछ । त्यस्तो घर जग्गा आफ्नो नाऊँमा वा जिल्ला प्रशासन कार्यालय वा अन्य कुनै कार्यालयको नाऊँमा मालपोत कार्यालयमा दर्ता भई जग्गाधनी प्रमाण पूर्जा प्राप्त भएको छ वा छैन बुझ्नु पर्नेछ र त्यसरी बुझ्दा दर्ता र जग्गाधनी प्रमाण पूर्जा तयार नभए कानून बमोजिम कार्यालयको नाऊँमा दर्ता गराउनु पर्ने व्यवस्था छ । कार्यालयले गाउँपालीकाको नाऊँमा रहेको तथा प्राप्त सवै जग्गाको जग्गाधनी पूर्जा बनाउनु पर्दछ भने गाउँपालिकाको संरक्षक रहेका नेपाल सरकारको जग्गाको व्यवस्थित अभिलेख राखी व्यक्तिको नाममा नामसारी तथा अतिक्रमण हुनु नदिने तर्फ गाउँपालीका जिम्मेवार हुनु पर्दछ ।

३८.४ **बरबुझारथ नभएकोः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा १०३ अनुसार कुनै कर्मचारी सरुवा, बढुवा वा अवकाश वा अध्ययन बिदा वा असाधारण बिदा जस्ता लामो बिदामा बस्दा वा अन्य कुनै कारणले आफू कार्यरत कार्यालय छोडि सो कामबाट अलग हुँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी मालसामान, वित्तीय कारोबारको स्रेस्ता तथा सार्वजनिक खरिदसँग सम्बन्धित कागजात र अन्य सरकारी कागजात, बेरुजु लगत तथा विद्युतीय प्रणाली सञ्चालनसँग सम्बन्धित पासवर्ड वा सोर्सकोड, लाइसेन्स र अन्य सङ्केत जस्ता सरकारी सम्पत्ति वा स्रेस्ता हालवालालाई वा हालवाला नभएमा कार्यालय प्रमुखले तोकेको कर्मचारीलाई बरबुझारथ गर्नु पर्ने उल्लेख छ। यस पालिकाका तपशिल बमोजिमका निवर्तमान पदाधिकारी तथा सरुवा भएर गईसकेका कर्मचारीले तपशिल बमोजिमका रु १५,७२,५७६।०० जिन्सि कार्यालयमा नवुझाई सगै लिएर गएको देखिएको लामो अवधि व्यतित भईसक्दा पनि फिर्ता गरेको देखिएन।सामानहरु लामो समयसम्म फिर्ता नहुँदा हाल उक्त सामानहरु पुनः प्रयोगमा नआउने हुँदा विग्रिने र

विग्रेको सामाग्री कार्यालयले फिर्ता लिन मिल्ने नदेखिएकोले उक्त सामानहरुको खरिद मुल्य वरावरको रकम सम्बन्धित पदाधिकारी तथा कर्मचारीवाट ब्याज समेत असुल गर्नुपर्ने रु

| क्र.स. | व्यक्तिको नाम | पद | समानको नाम | स्पेशिफिकेशन | रकम रु |
|---|---|---|---|---|---|
| १. | सागर मल्ल | पुर्व रोजगार संयोजक | ल्यापटप | Dell i7 | ९९,५००।०० |
| २. | सागर मल्ल | पुर्व रोजगार संयोजक | क्यामरा | Nicon 330D | ६६,१०५।०० |
| ३. | मनलाल चदरा | पुर्व कार्यपालिका सदस्य | ल्यापटप | Dell i7 360 8GB RAM | ९८,०००।०० |
| ४. | नरेन्द्र बहादुर रोकाया | पुर्व वडा नं ९ अध्यक्ष | ल्यापटप | Dell i7 360 8GB RAM | ९८,०००।०० |
| ५. | जयनन्दा रावल | पुर्व उपाध्यक्ष | ल्यापटप | Acer core i5 8th Gen. | १,२१,०००।०० |
| ६. | मणीचन्द्र कार्की | पुर्व नि. प्रमुख प्रशासकीय अधिकृत | ल्यापटप 1 | Dell intel i5 7200 U | ८३,०००।०० |
| | | | ल्यापटप 2 | Dell i7 6500 8GB RAM | ८४,९७८।०० |
| | | | ल्यापटप 3 | Dell i5 5GB Ram 14 | ८३,०००।०० |
| ७. | भर्जन शाही | पुर्व अ.सब-इन्जिनीयर | ल्यापटप | Dell i5 4GB Ram 500 GB | ६४,९९८।०० |
| ८. | धिरज नेपाली | पुर्व कर्मचारी | ल्यापटप | Dell intel i5 7200 U | ८३,०००।०० |
| ९. | मान बहादुर कार्की | पुर्व कर्मचारी | ल्यापटप | Dell i5 5GB Ram | ८३,०००।०० |
| १०. | प्रकाश शाही | पुर्व कर्मचारी | ल्यापटप | Dell i5 3576 4GB Ram 7th gen | ९४,३५५।०० |
| ११. | राम बहादुर रावत | पुर्व वडा नं ८ अध्यक्ष | ल्यापटप | HP i5 8250 | ६४,१५९।०० |
| १२. | डिल बहादुर बानीया | पुर्व कर्मचारी | ल्यापटप | Dell i5 7200 4GB Ram | ८३,०००।०० |
| १३. | मुकेश कार्की | पुर्व कर्मचारी | ल्यापटप | Dell i5 7200 4GB Ram | ८३,०००।०० |
| १४. | कृष्ण बहादुर रावल | पुर्व कर्मचारी | ल्यापटप | Dell i5 | ४९,९९९।०० |
| १५. | नविन शाही | पुर्व कर्मचारी | ल्यापटप | Dell i5 3493 7th gen | ७३,९८२।०० |
| १६. | उब्जन शाही | पुर्व गाउँपालिका अध्यक्ष | म्याम बुक | Apple air 13.3 mgn | १,५९,५००।०० |
| | जम्मा | | | | १५,७२,५७६।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,७२,५७६ |

## ३९ उपभोक्ता समितिबाट खरिद

३९.१ **उपभोक्ता समिति छनौट:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (क) मा १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ।तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ ।

३९.२ **रोजगारी सिर्जना नहुने काम उपभोक्ता समितिबाट:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । यस अतिरिक्त सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ। यस पालिकाले शतप्रतिशत निर्माण कार्य डोजर प्रयोग गरेर सम्पन्न गर्ने सडक निर्माणको काम समेत उपभोक्ता समिति मार्फत सम्पन्न गराएको छ जसमा विभिन्न निर्माण व्यवसायीका उपकरण प्रयोग गरीएको छ। यसरी उपभोक्ता समितिमार्फत काम गराउदा प्रतिस्पर्धा नभई मितव्ययी नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने, पुर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउदा रोजगारी श्रृजना नहुने अवस्था देखिदा यसरी गरेको कार्य ऐनमा भएको व्यवस्थाको प्रतिकुल रहेको देखिन्छ।निर्माण कार्यको गुणस्तर र दिगोपना सुनिश्चित गर्नु साथै रोजगारी सिर्जनाको सुनिश्चितता गर्न यस किसिमका कार्य नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ। केहि व्यहोरा:

| भौ नं | निर्माण योजना | सम्झौता रकम | भुक्तानी रकम | मेसिन प्रयोग बिल |
|---|---|---|---|---|
| ४ | भागोटिखोला देखि भागोटि गाउँ हुदै कवा सडक निर्माण | ११,९१,५०७ | ८,७६,६५३ | ९,१२,१८१ |
| २४३ | रातापानी देखि नखर्जि सडक निर्माण | १०,१३,५०७।७१ | ७,०६,५६८.९२ | ७,०६,५६८।९२ |

३९.३ **हस्तान्तरण नहुने काम उपभोक्ता समिति मार्फत** :सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले तपशिल बमोजिमको हस्तान्तरण नहुने निर्माण कार्य उपभोक्ता समितसँग सम्झौता गरी सम्पन्न गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत हस्तान्तरण नहुने निर्माण कार्य गराउनु नियमसम्मत भएको मान्न सकिदैन। कार्यालयले यसमा सुधार गर्नुपर्दछ।केहि व्यहोरा:

| भौ नं मिति | योजनाको नाम | बजेट खर्च |
|---|---|---|
| ८३ | बाल शिक्षा मा वि घेरवार | ४,८०,००० |
| ३ २०८०।६।२६ | ७ नं वडा कार्यालय भवन निर्माण | ५,३१,२२४ |
| ११४ २०८१।२।१९ | गाउँपालिका भवन मर्मत | ४,७४,२८२ |
| ८३ २०८१।१।२६ | बाल शिक्षा मा वि घेरवार | ४,८०,०००। |
| २२१ २०८१।०३।२४ | पञ्चोदय मा वि नखर्जि भवन निर्माण | ९,०४,८४२ |

३९.४ **साझेदारी खानेपानी योजना:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।पालिकाले गाउँपालिकाको विभिन्न ५ वडामा खानेपानी योजनाका लागि हिमाली ग्रामिण समाज नेपालको समन्वयमा युयसयआडि कर्णाली जल परियोजना र खत्याड गाउँपालिकाको नगद लगानी र उपभोक्ता समितिको जनश्रमदानमा सम्पन्न गर्ने गरी सम्झौता गरी पालिकाले आफ्नो अंशको साझेदारी वापतको रकम तपशिल बमोजिमको ५ योजनाको भौ नं २२० मिति २०८१।०३।२४ बाट रु ५४५९८५५। हिमाली ग्रामीण युवा समाज विकास केन्द्र खर्च

लेखेको छ।यसरी त्रिपक्षिय साझेदारीमा सम्पन्न योजनामा तिनवटै साझेदारको लगानीको अंश एकिन हुने गरी प्राविधिक नाँपजाँच गरी प्राविधिक मुल्याङ्कन एवं कार्यसम्पन्न पश्चात भुक्तानी हुनुपर्नेमा युयसयआडी कर्णाली जल परियोजना,खत्याड गाउँपालिका र उपभोक्ता समितिको साझेदारी एकिन हुने प्राविधिक मुल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन संलग्न नरहेको देखिएकोले प्राविधिक पुष्ट्याई समेत हुने गरी कार्यालयले श्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

| क्र सं | विवरण | लागत अनुमान | USAID साझेदारी | उपभोक्ता अंश | पालिका साझेदारी |
|---|---|---|---|---|---|
| १ | बमकाँडा खानेपानी तथा सरसफाई योजना | २२,५४,९६२।६२ | १२,४१,२८६।४९ | ४,४०,८४४।२३ | ५,७२,८३९।४४ |
| २ | पुत्ताखोला सरसफाई तथा खानेपानी योजना | ३७,२६,६३४।९० | १८,७१,७४०।०७ | ७,६१,०२२।६२ | १०,९३,८७२।०६ |
| ३ | दरौदे खानेपानी तथा सरसफाई योजना | ४५,५२,४६४।०२ | २४,५९,९६०।२२ | ९,०६,६२४।८८ | ११,८५,८७८।९१ |
| ४ | छोटेचाक पाडे लिगुडे खानेपानी तथा सरसफाई योजना | ३८,७५,८२६।२५ | १९,२३,३८२।४९ | ७,७९,९२८।४४ | ११,७२,५१५।४१ |
| ५ | लिगुडे खानेपानी तथा सरसफाई योजना | ४८,१६,१७९।१५ | २३,९०,५११।७१ | १०,००,९०९।२० | १४,२४,७५८।१२ |
| | | **जम्मा** | | | **५४,४९,८५५।९४** |

३९.५ **कार्यालयको काम उपभोक्ता समितिबाट**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने काम उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण सम्पन्न गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु नियमसम्मत मान्न सकिदैन। कार्यालयले यसमा सुधार गर्नुपर्दछ।

| भौ नं मिति | योजनाको नाम | बजेट खर्च |
|---|---|---|
| ३ २०८०।६।२६ | ७ नं वडा कार्यालय भवन निर्माण | ५,३१,२२४ |
| ११४ २०८१।२।१९ | गाउँपालिका भवन मर्मत | ४,७४,२८२ |
| ७२ | ४ नं वडा कार्यालय भवन मर्मत | ५,५२,३७२ |
| | **जम्मा** | **१५५७८७८** |

| | |
|---|---|
| अनियमित भएको | १५,५७,८७८ |

३९.६ **लागत अनुमानको यथार्थता:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुरा र नियम १० मा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।यस पालिकाले उपभोक्ता समितिसँग खरिद सम्झौता गरि निर्माण सम्पन्न गरेको केहि योजना छनौटगरि परीक्षण गर्दा उपभोक्तासँग खरिद सम्झौता भन्दा उल्लेखनिय घटि कार्यसम्पन्न तथा मुल्याङ्कन भएको छ।यसरी निर्माण कार्यमा लागत अनुमानको तुलनामा लागत अनुमान भन्दा धेरै घटि हुनेगरि कार्यसम्पन्न भएको देखिदा लागत अनुमान वस्तुनिष्ठ एवं यथार्थपरक नदेखिनुका साथै उपभोक्ता समितिले सम्झौता अनुसार निर्माण कार्य नगरेको देखिन्छ। लागत अनुमान तयार गर्दा विशेष ध्यान दिनुका अतिरिक्त उपभोक्ता समितिबाट सम्झौता अनुसार कार्य गराउन अग्रसर हुनुपर्दछ।

| भौ नं | निर्माण योजना | सम्झौता रकम | मुल्याङ्कन रकम | सम्झौता भन्दा घटि |
|---|---|---|---|---|
| १३२ | विन सिचाई कुलो निर्माण | ६,००,८८०।७० | ४,२०,४४२।६० | ३० % |
| २४३ | रातापानी देखि नखर्जि सडक निर्माण | १६,४७,५४७।४० | १०,१३,५०७।७१ | ३२ % |
| २४ | महादेव मष्टा नमुना मा वि भौतिक निर्माण | ४६,९५,३५२।७५ | ३८,७१,१९७।१२ | १६ % |

३९.७ **दर फरक पारी भुक्तानी:** ३५।२०८१।०३।२३ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।कार्यालयले रातापानी खानेपानी योजनाको साधारण माटोमा पाईपलान खन्ने पुर्ने समेत उपभोक्ता समिति सम्झौता गरेको छ।साधारण माटोको काम भएकोमा कार्यालयले बोल्डर मिक्स माटोको दररेट राखि लागत अनुमान तयार,सम्झौता एवं प्राविधिक मुल्याङ्कन गरी भुक्तानी गरेको छ।यसरी साधारण माटोको काम ५९६.७८ घ मि को प्रति घ मि रु ५५५.३७ हुनुपर्नेमा रु ६३४.४८ कायम भई प्रति घ मि रु ७९।०३ को दरले रु ४७१६४। बढि भुक्तानी भएको छ।यसर्थ बढि भुक्तानी भएको रकममा उपभोक्ता समितिको योगदानको अंश कट्टा गरी रु ३९,३६७। असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,३६७ |

३९.८ **ओभरहेड सहित लागत अनुमान:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) अनुसार उपभोक्ता वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । यस पालिकाभित्र आर्थिक वर्ष २०८०/८१ मा सम्झौता भई सम्पन्न भएका केहि योजनाको नमुना छनौट गरि फाँटवारी परीक्षण गर्दा तपसिलको योजनाको ओभरहेड समेत समावेश गरि लागत अनुमान तयार एवं सम्झौता गरी भुक्तानी समेत भएकोले बढि भुक्तानी भएको ओभरहेड असुल गर्नु पर्ने रु

| योजना | कामको विवरण | परिमाण | ओभरहेड सहित दर | बढि ओभरहेड | रकम |
|---|---|---|---|---|---|
| चुम्लाह देखि तलि खर्क सिचाई कुलो निर्माण | ग्याबिल जालिमा ढुङ्गा भर्ने | ८४ घ मि | ६,२०३।६३ | ७९६।१३ | ६६,८७४ |
| | पिसिसि | ४.८० घ मि | २४,५७५।२० | १५९०।८४ | ७६३६ |
| | | | | **जम्मा** | **७४,५१०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,५१० |

३९.९ **बढि दर:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।यस पालिकाले स्वीकृत गरेको आ व २०८०।८१ को गाउँपालिका दररेट अनुसार पालिका भर लागु हुने दररेट र सोहि दररेटको निर्णय नं २१ अनुसार अतिरिक्त ढुवानी लाग्ने स्थानबारे खुलाएको छ।यस पालिकाले उपभोक्ता समितिसँग सम्झौता गरी सम्पन्न गरेको तपशिल बमोजिमको योजनामा गाउँपालिका दररेटमा उल्लिखित दररेट भन्दा बढि दररेट राखि लागत अनुमान तयारी,खरिद सम्झौता एवं प्राविधिक मुल्याङ्कन गरेको छ। यसरी तपशिल बमोजिम रु ६,२६,१२२। व्ययभार परेको छ।यसर्थ व्ययभार परेको रकममा उपभोक्ता समितिको योगदानको अंश कट्टा गरी रु ५,०९,५८५। असुल गर्नुपर्ने रु

| भौ नं | योजना | कामको विरण | परिमाण (घ मि ) | मुल्याङ्कन दर | हुनुपर्ने दर | फरक दर | बढि रकम | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १३८ ०८१।३।७ | नखर्जि सम्पूर्ण गाउँ पिसिसि | पिसिसि | १६.४७ | १९,७२७।१६ | १७,७५६।६० | १९७० | ५१,८१५ | ४३,५२० |
| | | स्टोन मेसिनरी | २९.६७ | १५२९६।८३ | १४,६४४ | ६५२ | | |
| १४२ ०८१।३।९ | भिडचुली देखी वरातु गाउँ पिसिसि बाटो निर्माण | पिसिसि | २३.८२ | १६,४६३।३६ | १४,४४८।६० | २०१५ | ५०,६४७ | ४२,५४३ |
| | | स्टोन मेसिनरी | १३.२५ | ६३०५ | ६१०५ | २०० | | |
| ६ ०८१।०२।१६ | रोल गाउँ पिसिसि योजना मुख्यमन्त्री रोजगार | पिसिसि | ८७.८३ | १८,००३।३६ | १५११०८।६० | २८९५ | २,५४,२६८ | २०३४१४ |
| १७ ०८१।३।१४ | रिगा जिउला सिंचाई कुलो मुख्यमन्त्री रोजगार | पिसिसि | ५१.३४ | २१,८१७।१६ | १९,८४६।६० | १९७०।५६ | १०११६८ | ८४९८१ |
| ३० ०८१।०३।२२ | पञ्चोदय मा वि घेरवार मुख्यमन्त्री रोजगार | स्टोन मेसिनरी | ९६.७५ | १५,२९६।८३ | १४,६४४।०८ | ६५२ | ६३,०८१ | ५२,३५७ |
| ३३ ०८१।३।२३ | माझचौर देखि बल्देजिउडा बाटो निर्मा मुख्यमन्त्री रोजगार | पिसिसि | ७७.७८ | १६,४६३।३६ | १५११०८।६ | १३५४ | १,०५,३७३ | ८२,७७० |
| | | | | | | **जम्मा** | **६,२६,१२२** | **५,०९,५८५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,०९,५८५ |

३९.१० **पुरानो दर:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।दररेटको आधार लिदा जुन आर्थिक वर्ष योजना संचालन हुनुपर्ने हो सोहि आर्थिक वर्षको दररेट कायम गर्नु पर्ने हुन्छ। यस पालिकाले पालिका भित्रका आर्थिक वर्ष २०८०/८१ मा सम्झौता भई सम्पन्न भएका तपशिल बमोजिमका निर्माण योजनामा काममा आर्थिक वर्ष २०७९/०८० को दररेट राखि लागत अनुमान तयार, खरिद सम्झौता एवं मुल्याङ्कन गरि भुक्तानी गरेको छ। दररेट फरक पारी खर्च लेख्दा बढि व्ययभार भएको रकम रु १,४१,८८४। मा उपभोक्ता समितिको जनश्रमदानको अंश कट्टा गरी रु १,२०,३०६। असुल हुनुपर्ने रु

| भौ नं | योजना | कामको विरण | परिमाण (घ मि ) | मुल्याङ्कन दर | हुनुपर्ने दर | फरक दर | बढि रकम | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १२१ ०८१।३।५ | बम्डिका कर्खा जामिर बाटो पिसिसि निर्माण | पिसिसि | ३०.४४ | १९७२७।१६ | १७७५६।६० | १९७० | ५९,९८४ | ५०,९८६ |
| १३३ ०८१।३।६ | महादेव माणु निर्माण | पिसिसि | १.३१ | १९७२७।१६ | १७७५६।६० | १९७० | ३१,०८५ | २५,८०० |
| | | पिसिसि | ८.९१ | २१८१७।१६ | १९८४६।६० | १९७०।५६ | | |
| | | स्टोन मेसिनरी | १६.७९ | १५९२६।८३ | १४६४४ | ६५२ | | |
| १३८ ०८१।३।७ | नखर्जि सम्पूर्ण गाउँ पिसिसि | पिसिसि | १६.४७ | १९७२७।१६ | १७७५६।६० | १९७० | ५१,८१५ | ४३,५२० |
| | | स्टोन मेसिनरी | २९.६७ | १५२९६।८३ | १४६४४ | ६५२ | | |
| | | | | | | **जम्मा** | **१,४१,८८४** | **१,२०,३०६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,३०६ |

४० **वडा कार्यालय सुशासन अनुदान:**

स्थानीय तहमा बजेट तर्जुमा,कार्यान्वियन,आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४ को दफा ५ मा आर्थिक प्रशासन सम्बन्धी व्यवस्था उल्लेख छ।यस पालिकाले तपशिल बमोजिम वडा कार्यालय सुशासन अनुदान अन्तर्गत ११ वडा कार्यालयकको लागि वार्षिक रु १४६०८५४१। बजेट खर्च लेखेको छ।वडा सुशासन अनुदान उल्लेख गरी बजेट विनियोजन गरेको देखिएता पनि वडा बाट गरिएका खर्च सम्बन्धी फाँटवारी परीक्षण गर्दा विविध खाजा खाना खर्च,पदाधिकारी तथा कर्मचारी बैठक भत्ता,मसलन्द तथा कार्यालय सामग्री खर्च,ईन्धन खर्च,मेसिनरी औजार खरिद,दैनिक भ्रमण भत्ता,आर्थिक सहायता वितरण लगायतका क्रियाकलापमा खर्च गरेको देखिन्छ।यस किसिमका क्रियाकलापबाट सुशासन प्रवर्द्धनमा प्रत्यक्ष वा परोक्ष रुपमा टेवा पुग्ने देखिदैन। साथै पालिकाले आवश्यक नीतिगत व्यवस्था नगरी खर्च गर्ने अख्तियारी प्रदान गर्दा तथा वडा कार्यालयमा लेखा उत्तरदायि अधिकारी लगायत खरिद समिति मुल्याङ्कन समिति जस्ता संरचनाको सुनिश्चितता नहुनुका साथै खरिद निर्णय, खरिद आदेश,जिन्सि दाखिला एवं जिन्सि निरीक्षणको कार्य समेत एकै व्यक्ति वडा सचिवबाट भएको देखिएकोले वडा कार्यालयबाट आर्थिक दायित्व सिर्जना गर्ने गरी हुने निर्णयको वैधानिकता समेत नहुने देखिन्छ। कार्यालयले यसमा सुधार गर्नुपर्दछ।

| क्र.सं. | कार्यालय | बजेट | खर्च |
|---|---|---|---|
| १. | वडा नं १ | १४,००,०००।०० | १३,७८,५४४।०० |
| २. | वडा नं २ | १४,००,०००।०० | १३,९९,०२४।०० |
| ३. | वडा नं ३ | १४,००,०००।०० | १३,९१,१३१।०० |
| ४. | वडा नं ४ | १४,००,०००।०० | १३,०८,५१०।०० |
| ५. | वडा नं ५ | १३,००,०००।०० | १२,९९,१३३।०० |
| ६. | वडा नं ६ | १३,००,०००।०० | १३,००,०००।०० |
| ७. | वडा नं ७ | १३,००,०००।०० | १२,७०,७९९।०० |
| ८. | वडा नं ८ | १४,००,०००।०० | १३,६६,५८५।०० |
| ९. | वडा नं ९ | १३,००,०००।०० | १२,९४,९०५।०० |
| १०. | वडा नं १० | १४,००,०००।०० | १४,००,०००।०० |
| ११. | वडा नं ११ | १३,००,०००।०० | १२,९९,९१०।०० |
| | जम्मा | | १,४६,०८,५४१।०० |

४१ **रेडियो खेस्मालिका FM संचालन:**

स्थानीय प्रशासन संचालन ऐन २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक,रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ भने सोहि दफा को उपदफा ३ मा योजना बनाउदा प्राथमिकता दिनुपर्ने विषय उल्लेख छ।पालिकाले आफ्नो उद्येश्य तथा प्राथमिकता निर्धारण नगरि एवं व्यवस्थापन तथा संचालनको योजना नवनाई खेस्मालिका एफ एम संचालन तथा व्यवस्थापनका लागि रु ९,३४,०००।०० र रेडियो खेस्मालिका लागि उपकरण खरिद गरेको गत वर्षको भुक्तानी रु ६,२३,५३०।०० सहित जम्मा रु १५,५७,५३०।०० खर्च गरेको छ।यसरी हालसम्म ठुलो रकम खर्च भईसकेको र वर्षेनी उल्लेखनिय रकम व्ययभार परेको अवस्थामा समेत पालिकाले एफ एम संचालन गरेको छैन।एफ एम संचालनका लागि विषयगत ज्ञान तथा दक्षता समेत आवश्यक पर्ने भएकोले सो पक्ष समेतको विश्लेषण नगरी एवं माग,आवश्यकता र औचित्यता समेतको पहिचान नगरी सस्थागत संरचना स्थापना गर्नुका साथै औजार उपकरण तथा मालसामान खरिद गर्दा एकातर्फ सार्वजनिक कोष माथि व्ययभार थपिन्छ भने अर्को तर्फ खरिद गरेर संस्थागत संरचना एवं औजार उपकरण प्रयोगमा नल्याउदा कार्यक्रमको प्रभावकारीता समेत नहुने हुन्छ। पालिकाले सस्थापित संरचानबाट पूर्ण प्रतिफल प्राप्त हुने नगरी संचालन तथा व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

४२ **बिष्पोटक पदार्थ भन्डारण खर्चः**

२१३।२०८०।११।२३ पालिकाले २०७८ सालमा विष्पोटक पदार्थ खरिद गरि पालिकाद्वारा निर्मित सडकको लागि प्रयोग गरी बाँकी रहेको केहि परिमाण नेपाली शेनाको श्री श्री बक्स गुल्म रारामा भन्डारण गरि राखेको देखिन्छ । यसरी भन्डारण गर्दा मासिक रुपमा रु ३०००० को दरले भाडामा खर्च भएको देखिन्छ विष्पोटक पदार्थलाई उपयोग गर्ने, नष्ट गर्ने वा नेपाली शेनालाई नै हस्तान्तरण गर्ने सम्बन्धमा पालिकाले निर्णय गर्नु पर्ने देखिन्छ । यसरी लामो समय भन्डारण गरेर राख्दा पालिकालाई दायित्व बढ्दै गएको तर्फ ध्यान दिनु पर्दछ ।

४३ **विद्युत मर्मत खर्चः**

सार्वजनिक निकायले स्थानीयस्तरमा सेवा विक्रि गरी दिर्घकालिन नाफा कमाउन सक्ने योजनालाई अनुदान दिनु भन्दा लगानी गर्न उपयुक्त हुन्छ।पालिकाले वडा नं ३ को विद्युत मर्मत गरे बापत गो.भौ.नं २४१।२०८१।०३।०९ बाट रु २११२००।०० गरेको साथै वडा नं १ र २ अन्तर्गत खत्याड खोला लघु जलविद्युत आयोजनाको लागि विद्युत लाइन मर्मत कार्यको लागि एप्रोप्रियट इन्जिनीयरिङ्ग लाई

गो.भौ.नं२९१।२०८१।१२।२३ बाट ९,००,०००।०० खर्च लेखको छ।यसरी पालिकाले वर्षेनी विभिन्न लघु जलविद्युत आयोजनालाई मर्मत सम्भार अनुदान वापत उल्लेखनीय रकम उपलब्ध गराउने गरेको देखिन्छ।दिर्घकालसम्म रहने यस्ता योजनामा लगानी गर्दा लगानीलाई समग्रतामा देखाउने,लागत लाभको विश्लेषण गरेर लगानी गर्ने, लाभको हिस्सेदारीलाई सम्झौतामा उल्लेख गर्ने,सम्झौताका कागजात सुरक्षित र भरपर्दो राख्ने,सेयर प्रमाणपत्र लिने,लगानी सम्बन्धमा स्थानीय मापदण्ड,नीति र कानून बनाउने कार्य गर्नुपर्ने देखिन्छ।

४४ **समानीकरण अनुदान रकमको उपयोग**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ अनुसार गाउँपालिकाले योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारण, उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय श्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने दीगो विकासमा सघाउ पुर्‍याउने किसिमका योजनालाई प्राथमिकता दिई योजना बनाई खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण अनुदान रकमको उपयोग गर्दा अधिक्तम प्रतिफल प्राप्त हुने योजनाहरु छनौट गर्नुपर्ने उल्लेख छ। पालिकाले वित्तिय समानिकरण अनुदानबाट उपाध्यक्ष संग महिला सशक्तिकरण आय आर्जन र आत्मनिर्भर कार्यक्रममा रु ३२,४९,१५७।०० खर्च गरेको छ।यस कार्यक्रम सम्वद्ध श्रेस्ता परीक्षण गर्दा किशोरी अभिमुखिकरण,बाल विवाह एवं महिला हिंसा न्यूनिकरण गोष्ठि,ब्लाङ्केट खरिद एवं वितरण, विउविजन वितरण, आर्थिक सहायता र नारी दिवस समारोह आयोजना लगायतका क्रियाकलापमा खर्च गरेको देखिन्छ।यस किसिमका क्रियाकलापबाट महिलासशक्तिकरण तथा महिला आत्मनिर्मर तथा आयआर्जनमा टेवा पुग्ने देखिदैन।पालिकाले उत्पादन र उत्पादकत्व वृद्धिबाट आत्मनिर्भर र आयआर्जनमा प्रत्यक्ष योगदान पुग्ने क्रियाकलापमा सार्वजनिक स्रोतको परिचालन गर्नुपर्दछ।

४५ **संस्थागत खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा १ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखि संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम)का आधारमा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने उल्लेख छ। पालिकाले संगठन संरचना स्वीकृत नगरी दलित डेस्क संचालन तथा व्यवस्थापनमा रु ४,७६,१९०।०० र NGO डेस्क संचालन र व्यवस्थापनमा रु ७,९४,६७७।०० खर्च गरेको छ। पालिकाले विभिन्न स्वरोजगार तथा उत्पादन मुलक कार्यक्रम संचालन गर्नुपर्नेमा कानूनी व्यवस्था प्रतिकुल स्वायत्त संस्थागत संरचना स्थापना गरि व्ययभार थप गर्नु नियमसम्मत मान्न सकिदैन।

| | |
|---|---|
| अनियमित भएको | १२,७०,८६७ |

४६ **अनुदान**

४६.१ **अनुदानको उपयोगिता:** सार्वजनिक निकायले आफ्नो क्षेत्राधिकार भित्र पर्ने वा नपर्ने एकिन गरी आफ्नो स्रोतको परिधिभित्र रहेर अनुदान उपलब्ध गराउनुपर्दछ।साथै वितरित अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुका साथै कार्यक्रमको उद्येश्य अनुरुप अनुदान उपयोग भए वा नभएको एकिन हुने गरी लाभ लागत समेतको विश्लेषण गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार शिर्षकबाट रु. ६२,२४,८६२।०० अनुदान खर्च लेखेको छ ।उक्त अनुदान प्राप्त गर्ने संस्थाले तोकिएको कार्यविधिमा उल्लेखित शर्त बमोजिम अनुदानको सहि सदुपयोग भए नभएको र खर्च भए अनुसार नतिजा प्राप्त गरे नगरेको सम्वन्धमा पालिकाबाट अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्नु पर्नेमा गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुदान वितरणलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको निकायबाट सहज र सर्वसुलभ सार्वजनिक सेवा प्रवाहको सुनिश्चित हुने गरि अनुदान वितरण गर्नुपर्दछ ।केहि उदाहरणहरु:

| क्र सं | विवरण | रकम |
|---|---|---|
| १. | प्राथमिक स्वास्थ्य केन्द्र रातापानी संचालन अनुदान | १,९९,४०९।०० |
| २. | प्राथमिक स्वास्थ्य केन्द्र रातापनी ल्याव स्थापन तथा कर्मचारी प्रोत्साहन अनुदान | १३,४९,२५३।०० |
| ३. | चतुर्देव हिरा सुरेन्द्र पूर्ण क्याम्पस संचालन अनुदान | ५,००,०००।०० |
| ४. | स्वास्थ्य सेवा कार्यालय गमगढी मुगु लाइ ल्याव स्तरोन्नती का लागि अनुदान | ५,००,०००।०० |

४६.२ **वितरणमुखी खर्चः** स्थानीय शासन सञ्चालन ऐन २०७४ को दफा ७३(६)मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।पालिकाले सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा देहाय बमोजिमका लोकरीइ्याइ गर्ने गरी वितरणमुखी प्रयोजनमा रु.६४ लाख ३८ हजार खर्च गरेको देखिन्छ।पालिकाले यस्ता किसिमका खर्चमा नियन्त्रण गर्दै उत्पादनमुलक क्षेत्रमा खर्च गर्नुपर्दछ।

| **क्र.स.** | **विवरण** | **रकम** |
|---|---|---|
| १. | उपाध्यक्ष संग महिला सशक्तिकरण आय आर्जन र आत्मनिर्भर कार्यक्रम | ३२,४९,१५७।०० |
| २. | जनयुद्ध तथा जनआन्दोलनका सहिद तथा घाइते सहायता कार्यक्रम | ७,४४,०००।०० |
| ३. | बखत स्मृति दिवश कार्यक्रम | २,००,०००।०० |
| ४. | विपद पश्चात स्थानीयस्तरको पुनस्थापना पुननिर्माण तथा विपत प्रतिकार्य अभिमुखिकरण कार्यक्रम | ११,९९,७०५।०० |
| ५. | देउडा प्रतिष्ठान | ३,६५,३०५।०० |
| ६. | उत्कृष्ट विषयगत शिक्षक विद्यालय तथा विद्यार्थी सम्मान कार्यक्रम | १,५०,०००।०० |
| ७. | उत्कृष्ट किसान सम्मान कार्यक्रम | २,००,८५६।०० |
| ८. | बालवालिकाहरुका लागी बालशसक्तिकरण कार्यक्रम NGO DESK | ६,३६,९९०।०० |
| ९. | सहिद कपिल सरोज स्मृति युवा कल्व अनुदान | ३,२९,९००।०० |
| | **जम्मा** | ७०,७५,९१३।०० |

४६.३ **पशुपंक्षी अनुदान**: पालिकाले कुखुरा फर्म स्थापना, भेडा बाख्रा फर्म स्थापना लगायत अनुदान अन्तर्गत विभिन्न कृषि फार्म तथा कृषकलाई पशुपंक्षि वितरण गरेको छ।तर खरिद भएका पशुपंक्षि उन्नत जातको हुनुपर्ने, अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराई वीमा गर्नुपर्ने र ट्यागिङ गरी पारदर्शी तवरवाट अभिलेख राख्नुपर्नेमा सो भए गरेको देखिएन । तसर्थ तोकिए बमोजिम पशुहरुको स्वास्थ्य परीक्षण, वीमा तथा ट्यागिङ्ग समेत गरी कार्यक्रम संचालन गर्न पालिकाले ध्यान पुर्याउनु पर्दछ ।

४६.४ **अनुदानको प्रभावकारीता**: पालिकाले यस वर्ष कृषि कार्यक्रम अन्तर्गत रु ४६,७६,२००। लाख बराबरको कृषि अनुदान वितरण गरेको छ।सरकारी अनुदान रकमको वितरण र सो को सदुपयोगको सुनिश्चितताका लागि सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ।सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको समेत मापन हुनुपर्दछ।साथै अनुदान दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन हुनुपर्दछ ।कार्यालयले साना साना कार्यक्रम वनाई वितरण गरेको अनुदानको वितरण पश्चात कार्यक्रमको उद्येश्य अनुरुप अनुदानको सदुपयोग भएको हो होईन एकिन गर्न सक्ने संयन्त्रको विकास गरेको देखिदैन।

| क्र.स. | अनुदान विवरण | अनुदान रकम रु |
|---|---|---|
| १. | कुखुरा फर्म स्थापना साझेदारी | १,२१,५४८।०० |
| २. | कृषकहरुको माग मा आधारित तरकारी विउ खरिद कार्यक्रम | २,००,०००।०० |
| ३. | फलफुल तरकारी र अन्य अन्नवालीहरुको पकेट क्षेत्र पहिचान गरी कृषि कार्यक्रम संचालन | १६,०५,०८४।०० |
| ४. | बाख्रा फर्म स्थापना साझेदारी | ९,५०,४०३।०० |
| ५. | भेडा वाख्रा फर्म स्थापना साझेदारी | ५,९९,१६५।०० |
| ६. | सिकर्मी डकर्मि सुचिकार आरन सिलाइकटाइको गुणस्तर सुधार तथा औजार हस्तान्तरण | ७,००,०००।०० |
| | जम्मा | ४१,७६,८६२।०० |

४७ **आन्तरिक आय**

४७.१ **आन्तरीक आय सम्वन्धमा देखिएका व्हयोरा देहायअनुसार छन् :**

· **मनोरञ्जन करः**-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ बमोजिम सिनेमाभिडियो हलसांस्कृतिक प्रदर्शन हलसंगीतथियटर मनोरञ्जन प्रदर्शन स्थलऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन। पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर पहिचान तथा एकिन गरी असुल गर्नुपर्दछ**।**

· **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने उल्लेख छ पालिकाले आफ्ना क्षेत्रभित्र व्यवसाय गर्ने करदाताहरुको लगत नराखेको तथा करदाताहरुको पहिचान गरेको छैन । जसको कारण उठनुपर्ने रकम प्राप्त भएको छैन । सवै व्यवसायलाइ करको दायरामा ल्याइ आन्तरीक आयमा वृद्धि गर्नुपर्ने देखिन्छ।

· **घर बहाल करः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ बमोजिम गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल ग्यारेज गोदाम टहरा कारखाना बहालमा दिएकोमा गाउँपालिका तथा नगरपालिकाले त्यस्तो बहाल रकमको १० प्रतिशत कर संकलन गर्ने उल्लेख छ। पालिकाले आफनो क्षेत्रभित्र रहेको करदाताहरुको पहिचा लगत तथा कर संकलन गरेको पाइएन। यस सम्बन्धमा पालिकाले राजस्व संकलन तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४७.२ **राजश्व दाखिला** :यस कार्यालयले आन्तिरिक नियन्त्रणको लागि मलेप फा.नं. ९०४ (साविकफारम नं ११८) अनुसारको १७ कोलम खाता राख्नु पर्ने व्यवस्था छ। आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(९)(१०)मा प्रचलित कानुन अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार ब्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । रसिद नियन्त्रण खाता मलेप फारम नं ९०४ अनुसार अद्यावधिक गरी नगदी रसिदको आम्दानी खर्च यथार्थपरक ढंगबाट राखिनुपर्दछ । रसिद नियन्त्रण खाता ब्यवस्थित गरी पुरानो रसिद र नयाँ छपाई रसिदको मौज्दात एकिन गर्नुपर्दछ । वडामा लगिएको नगदी रसिद समय मै पालिकामा फिर्ता गरेको देखिएन साथै नगदी रसिदबाट उठेको राजश्व रु ९,६८,५८६।०० मध्ये बैक दाखिला भोली पल्ट नै गरेको देखिदैन। यसमा सुधार गरि राजश्व हिसाव चुस्त वनाउनु पर्दछ ।

४७.३ **राजश्वको अभिलेख -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्वको अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। पालिका र वडा कार्यालयमा प्रयोग भएका ठेलीहरु के कति छपाइ एंव प्रयोग भए सो को पुरा अभिलेख पालिकामा आएको देखिएन। अघिल्लो आ. व. को बाँकी रसिद ठेलीहरु के कति प्रयोग भएका यकिन गर्न सकिएन।कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ

कार्यालयको ध्यान जानुपर्दछ। कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण र राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान दिनुपर्दछ।

४७.४ **रसिद नियन्त्रण खाता -** पालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि तोकिएको ढाँचामा नगदि रसिद नियन्त्रण खाता म. ले. प. फा. नं. ९०४ साविक १०८ तयार नगरेकोले सो खाताले गत वर्षको नगदि रसिदको ठेली, यस वर्षको खरिद गरेको ठेलीको आम्दानी खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन। पालिकाले रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट गरि रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ।

४७.५ **आय प्रक्षेपण तथा असुली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको पहिचान गर्नु पर्ने व्यवस्था छ । पालिकाले पहिचान गरेको र यथार्थ आय विच सामान्य फरक रहेको देखिन्छ।यस वर्ष पालिकाले कुल राजश्व रु ९१ लाखको आन्तरिक आय अनुमान पेश गरेकोमा कुल रु ६५ लाख ७१ हजार आम्दानी गरी कुल प्रक्षेपणको तुलनामा ७२.२१ प्रतिशत मात्र प्राप्ति गरेको अवस्था छ। यसरी प्रक्षेपण गरे भन्दा कम आन्तरिक आय प्राप्त भएकोले विनियोजन गरेका केहि कार्यक्रमहरु कार्यान्वयनमा असर पारेको अवस्था छ। आफैमा पालिकाको आन्तरिक आम्दानी न्यून रहेको अवस्थामा अपेक्षित राजस्वको तुलनामा यथार्थ राजश्व कम मात्रामा उठनु उचित देखिएन।पालिकाले आन्तरिक आम्दानीका क्षेत्रहरु पहिचान गरी राजश्व आम्दानी अभिवृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भुमिकर/मालपोत | १५,००,००० | ४,००,०२२।१५ | |
| सम्पती कर | १२,००,००० | ३,८८,३०७।५८ | |
| वहाल कर | ४,००,००० | ८९३३ | |
| वहाल विटौरी कर | | ९०० | |
| व्यवसायले भुक्तानी गर्ने | ७,००,००० | ३३४५ | |
| कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | १९,६४५ | |
| अन्य कर | ० | २,१४,८०० | |
| न्यायिक दस्तूर | ३,००,००० | ३२८० | |
| परीक्षा शुल्क | ५,००,००० | ५२०० | |
| अन्य मनोरन्जन कर | ० | ५०० | |
| अन्य प्रशासनिक सेवा शुल्क | १३,००,००० | १,६६,०५० | |
| सिफारिश दस्तुर | ७,००,००० | ७,९५,२३६ | |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ६९०० | |
| नाता प्रमाणित दस्तुर | २,००,००० | ४०० | |
| अन्य दस्तुर | | १,२९,५०५ | |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५,००,००० | ७८०० | |
| अन्य स्रोत बाट प्राप्त रोयल्टी | ० | १५,००० | |
| पर्यटन शुल्क | ० | ५०० | |
| प्रशासनिक डण्ड जरिवाना | ० | ५२२६ | |
| अन्य राजश्व | ८,००,००० | ३,६१,६७८ | |
| वेरुजु दाखीला | १०,००,००० | ४०,५४,४५८ | |
| रेडियो एफ एम संचालन दस्तुर | ० | ३०००० | |
| **जम्मा** | **९१,००,०००** | **६५,७१,६८५।७३** | **७२।२१** |

४८ **बढि भुक्तानी**

**बढि भुक्तानीः** १७४।२०८१।१०।०५ आर्थिक कार्यविधि-तथा-वित्तीय उत्तरदायित्व-नियमावली-२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ । पालिकाले एल. बि. मल्टिप्रपोज बाट बिधुतिय बोलपत्र मार्फत खरिद गर्दा सामान प्राप्त र दाखिला रु ६६५१२९ को मात्र भएको बिल र भुक्तानी रु ६७५४६० को भएको हुँदा बढी भुक्तानी भएको सम्बन्धीत पाटीबाट असुल उपर गर्नुपर्ने रकम रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२९२ |

## ४९ बढि भुक्तानी

४९.१ **दोहोरो बैठक भत्ताः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा चेकजाँच गरी रित पुगे नपुगेको एकिन गरेरे मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। देहाय कर्मचारीलाई बोलपत्र मुल्याङ्कन समितिको बैठकको भत्ता भुक्तानी गर्दा एकै माइन्युटबाट दुइपटक रहेकाले दोहोरो भएको भत्ता सम्बन्धीत बाट असुल गर्नुपर्ने रु

| **क्र.स.** | **नाम** | **बैठक संख्या** | **रकम रु** | **करकट्टी बाहेकको रकम रु** |
|---|---|---|---|---|
| १. | नन्द कृष्ण पाध्याय | ९ | ९,०००।०० | ७,६५०।०० |
| २. | लोकेन्द्र शाही | १० | १०,०००।०० | ८,५००।०० |
| ३. | लोकेन्द्र बुढा | १ | १,०००।०० | ८५०।०० |
| ४. | जीवन शाही | १ | १,०००।०० | ८५०।०० |
| | | जम्मा | | १७,८५०। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,८५० |

४९.२ **बढी भुक्तानीः**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकम खर्च लेख्दा चेकजाँच गरी रित पुगे नपुगेको एकिन गरेरे मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको खर्च लेख्दा भुक्तानी दिनुपर्ने भन्दा बढी भुक्तानी भएकाले सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| **गो.भौ.नं र मिति** | **विवरण** | **असुल गर्नुपर्नेको नाम** | **असुली रकम रु** |
|---|---|---|---|
| ४५३।२०८१।०२।३१ | वडा नं ६ मा कार्यरत कर्मचारीले वडा भित्रै दैनिक भ्रमण भत्ता लिएकाले असुल गर्नुषर्ने | विकास कुमार साह | ६५६८।०० |
| ४३६।२०८१।०२।२८ | किशोरीहरुको भविष्यको बाटो पहिचान कार्यक्रममा गाडीभाडा वापतको बाहल करकट्टी गरी दाखिला नगरेकोले कार्यक्रम सञ्चालकबाट असुल गर्नुपर्ने | पन्ना रोकाया | ३४,००।०० |
| जम्मा | | | ९,९६८।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,९६८ |

## ५० प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत

पालिका अन्तर्गत ११ वडामा ११ योजना सञ्चालन गरी यस वर्ष २७५ जनालाई औसत ४१ दिनले ११२७५ दिन रोजगारी उपलव्ध गराई रु ५०,५१,८३५।०० श्रमिक ज्याला खर्च गरेको छ ।प्रधानमन्त्री रोजगार कार्यक्रमले न्यूनतम १०० दिनको रोजगारीको सुनिश्चितता गर्नुपर्ने व्यवस्था गरेकोमा औषत ४१ दिनको रोजगार मात्र सुनिश्चितता भएको देखिन्छ।साथै पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५१ **सामाजिक सुरक्षा भत्ता**

५१.१ **सामाजिक सुरक्षा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले माछापुछ्रे बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। MIS प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ।

**विवरण पेश तथा समिक्षाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानीय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण सभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन ।

५१.२ **लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहलकदमि नगरेको हुदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन ।

५१.३ **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन ।

**सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

५१.४ **नागरिकता नम्बर दोहोरो:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १२ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह, विभाग र बैंक/वीत्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ। पालिकाका ११ वटा वडाहरु मध्ये नमुना छनौट गरी सामाजिक सुरक्षा भत्ता वितरण गरिएका वडा नं. ९ र ११ को परीक्षण गर्दा पालिकाले तपशिलको व्यक्ति/लाभग्राहीहरूलाई नागरिकता नम्बर दोहोरो राखि वितरण गरेको देखिन्छ ।यसरी विवरण नै अद्यावधिक नगरी बैकलाई विवरण पठाउने गरेको, कोष तथा लेखा नियन्त्रक कार्यलयले लाभग्राहीको खातामा EFT मार्फत भत्ता पठाउने गरेको, बढी भुक्तानी गएको रकम फिर्ता गरी जम्मा गर्ने

गरेको देखिएतापनि कार्यालयले सबै वडाका लाभग्राहीहरुको विवरण (नाम, ठेगाना, नागरिकता नम्बर, संरक्षकको नाम सहित फोटो समेत) MIS लगतमा अद्यावधिक गरी मात्र भत्ता वितरण गर्नुपर्दछ ।

| Installment's | Ward | Social Assustance Type Name | Citizenship Number | Member Name | Total Amount |
|---|---|---|---|---|---|
| 4 | 9 | Senior citizen's allowance-Others | 1295 | Ajya Rokaya | 12000 |
| 4 | 9 | Senior citizen's allowance-Others | 1295 | Magi Wagati | 7980 |
| 4 | 9 | Senior citizen's allowance-Others | 675 | Naina shahi | 12000 |
| 4 | 11 | Senior citizen's allowance-Others | 675 | Bal Bahadur shahi | 7980 |
| 4 | 11 | Senior citizen's allowance-Others | 1146 | Aju karki | 12000 |
| 4 | 11 | Senior citizen's allowance-Womens | 1146 | Jhima karki | 7980 |
| 4 | 11 | Senior citizen's allowance-Others | 1047 | Chinkala karki | 12000 |
| 4 | 11 | Senior citizen's allowance-Dalit | 1047 | Motikala Rawat | 7980 |
| 4 | 11 | Senior citizen's allowance-Others | 1113 | Bhimu karki | 12000 |
| 4 | 11 | Senior citizen's allowance-Others | 1113 | Parwate wad | 12000 |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : खत्याड गाउँपालिका, मुगु , खत्याद गाउँपालिका , मुगु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बासुदेव कार्की | २०८०-१०-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुदिन वुढा | २०७६-९-१५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,४७४,१३० | ६,३६३,६६० | १३,७२९,८३५.४३ | ० | ० | १,८२९,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २५,३९६,६२५.४३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २५,३९६,६२५.४३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४६१३८०७२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४७४११८५५ | चालु खर्च | ३७६८६४५३४ |
| प्रदेश सरकारबाट अनुदान | ५०८७७६६० | पूँजीगत खर्च | १२२१६१३४५ |
| राजश्व बाँडफाँट | ९५९४१३०० | वित्तीय/अन्य व्यवस्था | १०७००९४४५.४३ |
| आन्तरिक आय | ५९३४४७४.८७ | | |
| अन्य आय | ९७५२२३५६ | | |
| कुल आय | ५९७६८७६४५.८७ | कुल खर्च | ६०६०३५३२४.४३ |
| बाँकी मौज्दात | | ३७७९०३९३.४४ | |

## अनुसूची - २

## बेरूजु दफा २४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| | | आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु व्यहोरा | | |
|---|---|---|---|---|
| भौ नं | मिति | **खत्याड गाउँपालिका चालु अनुदान** | **प्रमाण** | **अशुल** |
| ६२ | २०८०।०७।२३ | श्री आकृति एण्ड प्रिन्टर्स छायानाथ रारा मुगुले यस खत्याड गा.पा. वडा नं ०२ कार्यालयको लागी सामग्री खरिद गरेवापतको रकम भुक्तानी रु १९७५० गरेकोमा सक्कल बिल पेश गर्नु पर्ने अन्यथा सो रकम असुल गर्ने | १९७५० | |
| २५४ | २०८०।१२।०४ | वडा नं ०८ का वडा सचिव श्री नवराज कार्कीले संलग्न कागजात, बिल भरपाई अनुसारको रकम भुक्तानी रु ८,७१,८६४ भुक्तानी हुनु पर्नेमा रु ९,००,००० भुक्तानी भएको देखिन्छ।बढि रकम रु २८,१३६ असुल उपर गर्नु पर्ने | | २८१३६ |
| ५०४ | २०८१।०३।१६ | न्यायिक समितिमा कार्यरत कार्यालय सहयोगी श्री अविसरा रोकायाले उपाध्यक्षसँग महिला सशक्तिकरण आय आर्जन र आत्मनिर्भता अन्तरगत मर्यादित महिनाबारी सम्बन्धि १ दिने तालिम संचालन गरी संलग्न कागजातका बिल भरपाई अनुसार रु ६३८४०० भुक्तानी हुनु पर्नेमा रु ६५४१०० भुक्तानी भएकोले बढी भुक्तानी रकम रु १५७०० असुल गर्नु पर्ने | | १५७०० |
| ४३७ | २०८१।०२।२८ | यस खत्याड गाउँपालिकामा संचालित टिप्पर को फ्युल इन्जेक्सन पम्म मर्मत गरेवापत श्री सिप्रदि ट्रेडिङ प्रा.लि. सुर्खेत शाखा लाई संलग्न कागजात बिलभरपाई आधारमा रु ७०८२ भुक्तानी भएकोमा सक्कल बिल पेश गर्ने अन्यथा सो रकम असुल उपर गर्नुपर्ने | ७०८२६ | |
| १४१ | २०८१।१०।०३ | प्राविधिक शाखामा कार्यरत इन्जिनियर श्री दिपद धितालले खत्याड गाउँपालिकामा रहेका वडा प्राविधिकहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरेवापतकोकृषि सार्वजनिक खर्चको मापदण्ड कार्यविधि तथा निर्देशिका २०७५ ले तोकिएको भन्दा बढी प्रशिक्षक भत्ता भुक्तानी गरेकोमा तपशिलको रकम उसुल गर्नुपर्ने । तपशिल भुक्तानी हुनु पर्ने (३ कक्षा *१००० दर *५ दिन=१५०००) भुक्तानी दिइएको (३ कक्षा *२५०० दर*५ दिन=३७५००) बढी भुक्तानी कर कट्टी पश्चात रु १९१२५ | | १९१२५ |
| ४७८ | २०८१।०३।०९ | वडा नं ०१ मा कार्यरत सहायक चौथो कर्मचारी श्री खेमराज हमाल (बालकृष्ण बुढा) ले आ.व. ०७८।०७९ को पेश्की फर्छ्यौट गरेकोमा कुनै पनि करकट्टि नगरी पेश्की फर्छ्यौट भएको हुदाँ तपशिलको कर दाखिला गर्नु पर्नेछ। तपशिल पदाधिकारि तथा कर्मचारी पारिश्रमिक कर रु- २२५०० घर बहाल वापतको कर रु- १२००० जम्मा दाखीला गर्नु पर्ने कर रु- ३४५०० | | ३४५०० |
| १२३ | २०८०।०८।२६ | निर्देशिका विपरित भुक्तानी नेपाल सरकार अर्थमन्त्रालय कार्यक्रम निर्देशिका २०७५ परिच्छेद २ मा एकै निकाका कर्मचारी बैठक बसेमा बैठक भत्ता प्रदान नगर्ने उल्लेख छ। यस खत्याड गाउँपालिकाले निम्नानुसारका कर्मचारीलाई बोलपत्र मूल्याङ्कन समितिको बैठकमा उपस्थित भएको भनी कर कट्टी गरी रु ५८६५० भुक्तानी दिइएको छ।निर्देशिकामा भुक्तानी दिन नमिल्ने भनी उल्लेख भएकोमा भुक्तानी दिइएको असुल हुनु पर्ने रु- १.टक्क बहादुर डाँगर -१,७०० २.दिप बहादुर कार्की-८५० ३.दिपक धिताल-११,९०० ४.नन्दकृष्ण पाध्याय-९,३५० ५.बासुदेव कार्की-२,५५० ६.लोकेन्द्र शाही-९,३५० ७.सुदिन बुढा -११,०५० ८.हरि बहादुर बुढा-११,९०० | | ५८६५० |
| ४७४ | 2081।०३।०९ | वडा नं ०३ मा कार्यरत सहायक चौथो कर्मचारी श्री खेमराज हमालले आ.व. ०७८।०७९ को पेश्की फर्छ्यौट गरेकोमा कुनै पनि करकट्टि नगरी पेश्की फर्छ्यौट भएको हुदाँ तपशिलको कर दाखिला गर्नु पर्नेछ। तपशिल पदाधिकारि तथा कर्मचारी पारिश्रमिक कर रु-३२४०० घर बहाल वापतको कर रु- १४४०० अग्रिम कर रु-१६६४ जम्मा दाखीला गर्नु पर्ने कर रु- ३४५०० | | ४८४६४ |
| ४७५ | २०८१।०३।०९ | वडा नं ०४ मा कार्यरत सहायक चौथो कर्मचारी श्री खेमराज हमालले आ.व. ०७८।०७९ को पेश्की फर्छ्यौट गरेकोमा कुनै पनि करकट्टि नगरी पेश्की फर्छ्यौट भएको हुदाँ तपशिलको कर दाखिला गर्नु पर्नेछ। तपशिल पदाधिकारि तथा कर्मचारी पारिश्रमिक कर रु- ३२४०० घर बहाल वापतको कर रु- १४४०० जम्मा दाखीला गर्नु पर्ने कर रु- ४६८०० | | ४६८०० |
| | | वडा नं ०७ मा कार्यरत सहायक चौथो कर्मचारी श्री अनिता रोकायाले आ.व. ०७८।०७९ को पेश्की फर्छ्यौट गरेकोमा कुनै पनि करकट्टि नगरी पेश्की फर्छ्यौट भएको हुदाँ तपशिलको कर दाखिला गर्नु पर्नेछ। तपशिल पदाधिकारि तथा कर्मचारी पारिश्रमिक कर रु- २३२५० घर बहाल वापतको कर रु- ३६०० अग्रिम कर रु-२९८५ जम्मा दाखीला गर्नु पर्ने कर रु- २९८३५ | | २९८३५ |
| | | **खत्याड गाउँपालिका पुर्जीँगत अनुदान** | | |

| | | | | |
|---|---|---|---|---|
| ७३ | २०८१।०१।१६ | श्री प्राप्ति इन्टर नेशनल लाई यस खत्याड गाउँपालिका ०३ नं वडा कार्यालयको लागि सवारी साधन(मोटर साइकल) खरिद गरेवापतको रकम भुक्तानी रु २,९८,९०० भएको सक्कल बिल पेश गर्नु पर्ने अन्यथा सो रकम असुल गर्नु पर्नेछ। | २,९८,९०० | |
| १२३ | २०८१।०३।०५ | बढी भुक्तानी -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामवली २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानी दिनु पर्दछ। पानी डिल देखि पारिवन खानेपानी निर्माण उपभोक्ता समिति संलग्न कागजात बिल भरपाई भन्दा बढि रकम भुक्तानी भएकोमा उक्त उपभोक्ता समितिले बढी भुक्तानी भएको रकमको प्रमाण पेश गर्नु पर्दछ अन्यथा सो रकम असुल गर्नुपर्नेछ।। बिल भरपाई अनुसार कामबढी भएको भुक्तानी रकम रु-२७७६५० भुक्तानी भएको रकम रु -३४१९०२ बढी भुक्तानी भएको रकम रु -६४२५२ | ६४२५२ | |
| १२७ | २०८१।०३।०५ | बढी भुक्तानी- आर्थिक कार्यविदि तथा वित्तिय उत्तरदायित्व नियामावली २०७७ को नियम ३९(५) बमोजिम आवशयक प्रमाण कागजात सहित भुक्तानी दिनुपर्दछ।खत्याड गाउँपालिका प्राविधिक शाखा प्रमुख इन्जिनियर श्री दिपक घितालले मिति २०८०।१२।१९ देखी २०८०।१२।२५ सम्म वडा नं १,२,३,५ योजना अनुगमन गएको भनी दैनिक भ्रमाण भत्ता भुक्तानी दिइएकोमा सोही भ्रमाण बिल दोहोरो भुक्तानी भएको हुदाँ सम्बन्धित कर्मचारी बाट असुल उपर गर्नु पर्दछ। | | ११००० |
| १९७ | २०८१।०३।२३ | श्री किसान फर्निसङ्ग हाउस नेपालगंजबाट यस खत्याड गाउँपालिकाको सभाहल निर्माणको लागी कार्पेट खरिद बापतको भुक्तानी रकम रु ३,४८,१९८ भएकोमा सक्कल बिल पेश गर्नु पर्ने अन्यथा सो रकम असुल गर्नु पर्नेछ। | ३,४८,१९८ | |
| २३० | २०८१।०३।२४ | श्री रुपखाने डाँडा देखि खमाले सडक निर्माण योजना उभोक्ता समिति लाई सडक निर्माण कार्य वापतको रकम भुक्तानी रु ७,०८,१९३ भएकोमा कुनै बिल पेश नभएको हुदाँ उक्त रकम बराबरको बिल पेश गर्नु पर्ने अन्यथा सो रकम असुल गर्नु पर्नेछ। | ७,०८,१९३ | |
| | | **संघिय चालु अनुदान** | | |
| ८६ | २०८०।१२।१५ | कृषि शाखामा कार्यरत तपशिलका कर्मचारीहरुले प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तरगत स्याउ ओखर पकेट विकास कार्यक्रम संचालन गरेवापत सार्वजनिक खर्चको मापदण्ड कार्यविधि तथा निर्देशिका २०७५ ले तोकिएको भन्दा बढी प्रशिक्षक भत्ता भुक्तानी गरेकोमा तपशिलको रकम उसुल गर्नुपर्ने । तपशिल १.जय प्रकाश संजेल भुक्तानी हुनु पर्ने (७ कक्षा *१००० दर =७०००) भुक्तानी दिइएको (७ कक्षा *१५०० दर =१०५००) बढी भुक्तानी कर कट्टी पश्चात रु २९७५ २.शुस्मा चलाउने भुक्तानी हुनु पर्ने (६ कक्षा *१००० दर =६०००) भुक्तानी दिइएको (६ कक्षा *१५०० दर =९०००) बढी भुक्तानी कर कट्टी पश्चात रु २५५० ३.चक्र बहादुर डाँगर भुक्तानी हुनु पर्ने (३ कक्षा *१००० दर =३०००) भुक्तानी दिइएको (३ कक्षा *१५०० दर =४५००) बढी भुक्तानी कर कट्टी पश्चात रु १२७५ | | ६८०० |
| १५४ | २०८१।०३।०५ | बढी भुक्तानी -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामवली २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानी दिनु पर्दछ।शिक्षा शाखा प्रा.स. पदमा कार्यरत श्री लोकेन्द्र बुढाले नव प्रवेशी शिक्षकहरुलाई तालिम संचालन गरेवापतको बिल भरपाई भन्दा बढी रकम भुक्तानी भएकोले बढीभुक्तानी भएको रकम सम्बन्धित कर्मचारिबाट असुल गर्नुपर्दछ। हुनु पर्ने भुक्तानी रु-८३५५० भएको भुक्तानी रु-९००५० बढी भुक्तानी भएको रकम रु-६५०० | | ६५०० |
| २६४ | २०८१।०३।२४ | श्री निशान कम्प्युटर ट्रेडस बाँके नेपालगंजले यस खत्याड गाउँपालिकाको लागी आवशयक पर्ने ल्यापटप र हार्डडिस्क उपलब्ध गराए बापत रकम रु १,५१,४३६ भुक्तानी भएकोमा यस खत्याड गाउँपालिकाले दर रेट पेश गर्ने पत्र, खरिद समितिको निर्णाय र जिन्सी निरिक्षण गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा सो रकम असुल गर्नु पर्नेछ। | १,५१,४३६ | |
| २१८ | २०८१।०३।१९ | बढी भुक्तानी -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामवली २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानी दिनु पर्दछ।स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम अन्तरगत ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरेवापत तपशिलका कर्मचारीले सहभागी भत्ता र दैनिक भ्रमाण भत्ता भुक्तानी भएकोमा उक्त रकम सम्बन्धित कर्मचारी बाट असुल गर्नु पर्दछ। १.सम्पदा बि.सी. रु-१४०० २.गिता कार्की रु-१४०० | | २८०० |
| १५६ | २०८१।०३।०५ | बढी भुक्तानी -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामवली २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको | | ३५०० |

| | | | | |
|---|---|---|---|---|
| | | एकिन गरी भुक्तानी दिनु पर्दछ।स्वास्थ्य शाखामा सि.अ.हे.व. पदमा कार्यरत श्री विर्ख रावलले CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षा, स्थलगत अनुशिक्षण समता तथा पहुँच कार्यक्रम संचालन गरेवोपतको संलग्नकागजात र बिल भरपाई भन्दा बढी भुक्तानी भएकोमा उक्त बढी रकम सम्बन्धित कर्मचारीबाट असुल गर्नु पर्ने हुन्छ। बिल अनुसारको रकम भुक्तानी -रु १,१३,३७८ भुक्तानी भएको रकम -रु १,१६,८७८ बढी भुक्तानी भएको रकम -रु ३५०० | | |
| १५९ | २०८१।०३।०५ | स्वास्थ्य शाखा सि.अ.हे.व पदमा कार्यरत श्री बिर्ख रावलले पोषण बिशेष कार्यक्रम अन्तरगत भिटामिन ए कार्यक्रम अनुगमनमा गई दैनिक भ्रमाण भत्ता वापतको रकम रु ५८५५० भुक्तानी भएकोमा कुनै पनि प्रमाण पेश नभएको देखिन्छ। उक्त प्रमाण समयमा पेश नगरेमा सम्बन्धित कर्मचारीबाट असुल उपर गर्नु पर्दछ। | ५८५५० | |
| ७६ | | श्री सिरिज नेटवर्क प्रा.लि. नेपालगंज बाँके यस खत्याड गाउँपालिकाको लागी न्यानो झोला खरिद वापत भुक्तानी रु ४,९०,८९६ भएकोमा यस खत्याड गाउँपालिकाले दर रेट पेश गर्ने पत्र ,खरिद समितिको निर्णय खरिद आदेश, दाखिला प्रतिवेदन,कार्यदेश आदि प्रमाण पेश गर्नु पर्दछ।अन्यथा सो रकम असुल उपर गर्नु पर्दछ। | ४,९०,८९६ | |
| २३५ | २०८१।०३।२२ | यस खत्याड गाउँपालिमा रहेको भेटनरी शाखाले MULti vitamin औषधि खरिद गरी अनुपम भेट सेन्टर बिरेन्द्रनगर सुर्खेत लाई संलग्न कागजातको आधारमा रु ८१७०० भुक्तानी दिनुपर्नेमा रु ८४७०० भुक्तानि भएको देखिन्छ।उक्त बढी भएको रकम रु ३००० अनुपम भेट सेन्टर बिरेन्द्रनगर सुर्खेतबाट असुल उपर गर्नु पर्ने रकम रु | | ३००० |
| | | **संघिय पुजीगंत** | | |
| २४ | २०८१।०३।२४ | बढी भुक्तानी -आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामवली २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिदा रित पुगे नपुगेको एकिन गरी भुक्तानी दिनु पर्दछ।श्री महादेव मष्टा नमुना मा.वि. रातापानीलाई भौतिक निर्माण कार्यसमपन्न गरेवापत भुक्तानी दिइएकोमा बिल भरपाई संलग्न कागजात भन्दा बढी रकम भुक्तानी भएकोले उक्त विद्यालयलाई समयमा प्रमाण पेश गर्नु पर्ने हुन्छ।अनयथा सो रकम असुल गर्नु पर्दछ। बिल अनुसार भुक्तानी रकम -रु १३,७४,०८४ भुक्तानी भएको रकम -रु ३१,५८,८९६ बढी भुक्तानी भएको रकम -रु १७,८४,८१२ | १७,८४,८१२ | |
| | | **प्रदेश पुजीगंत** | | |
| ३७ | २०८१।०३।२३ | श्री किसान फर्निसङ्ग हाउस नेपालगंजबाट यस खत्याड गाउँपालिकाको लागी आवशयक पर्ने कुर्ची उपलब्ध बापतको भुक्तानी रकम रु २०,९०५ भएकोमा सक्कल बिल पेश गर्नु पर्ने अन्यथा सो रकम असुल गर्नु पर्नेछ। | २०,९०५ | |
| ३८ | २०८१।०३।२४ | श्री आउटलुक्स सप्लार्यस नेपालगंजबाट यस खत्याड गाउँपालिकाको लागी आवशयक पर्ने सामाग्री उपलब्ध बापतको भुक्तानी रकम रु ८०,५१३ भएकोमा सक्कल बिल पेश गर्नु पर्ने अन्यथा सो रकम असुल गर्नु पर्नेछ। | ८०५१३ | |
| २७ | २०८१।०३।२२ | खत्याड गाउँपालिका रोजगार सेवा केन्दमा कार्यरत सहायक पाँचौ श्री धर्म बहादुर शाही मिति २०८१।१०।२२ देखी २०८१।१०।२५ गते सम्म कार्यालय प्रमुख बाट भ्रमाण आदेशमा स्वीकृत भएको देखिन्छ।तर सम्बन्धित कर्मचारीले भ्रमाण बिलमा ३ दिनको थप भ्रमाण बिल भरी भुक्तानी भएको देखिन्छ बढी भुक्तानी भएको रकम असुल हुनु पर्दछ। भ्रामाण आदेश अनुसार भुक्तानी हुनु पर्ने रकम -रु ३.२५*१३२०=४२९० भ्रमाण बिल अनुसार भुक्तानी भएको रकम -रु ६.२५*१३२०=8250 बढी भुक्तानी भएको रकम -रु ३९६० | | ३९६० |
| | | **प्रदेश चालु** | | |
| १४ | २०८१।०३।२१ | योजना शाखामा कार्यरत योजना प्रमुख श्री लोकेन्द्र बहादुर शाही मिति २०८१।०३।०८ देखि २०८१।०३।१४ सम्म योजना अनुगमन तथा मुल्याङ्कन गर्ने भनी वडा नं ८,१०,११ भ्रमाण आदेश स्वीकृत गरी दैनिक भ्रमाण भत्ताको रकम रु ६६०० भुक्तानी भएको छ।सोही मितिमा सम्बन्धित कर्मचारी कार्यालयमा हाजिर हुनु हुन्छ।सम्बन्धित कर्मचारीले झुटो विवरण पेश गरी दैनिक भ्रमाण भत्ता भुक्तानी लिइएको हुदाँ सम्बन्धित कर्मचारी बाट सोही रकम असुल गर्नु पर्ने हुन्छ। | | ६६०० |

# सुझाव

स्थानीय तहबाट प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- पुर्वाधार निर्माण आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरी जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।